प्राकृतिक स्रोतसाधनको सही उपयोग गर्नसके देशको ... | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक ३०८ • २०८० साल चैत्र २५ गते आइतबार (7 April, Sunday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## महतोको प्रदर्शनमाथि लाठी चार्ज

# सभा गर्न निस्केको जुलुसका सहभागीहरु घाइते र पक्राउ

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रिय मुक्ति क्रान्ति अभियानले शनिबार कामठाण्डुमा गरेको प्रदर्शनमा प्रहरीले बल प्रयोग गरेको छ । प्रहरीको लाठी लागेर दुई दर्जनभन्दा बढी नेता, कार्यकर्ता घाइते भएका छन् । उनीहरुको खुट्टामा बढी चोट लागेको बताइएको छ ।

प्रदर्शनका क्रममा प्रहरीसँग झडप भएको थियो । खुलामञ्च जाने भनिएको र्‍याली भद्रकालीबाट निषेधित क्षेत्र रहेको सिंहदरबारतिर जान खोजेपछि प्रहरीले उनीहरूमाथि लाठी चार्ज गरेको छ ।

झडपका क्रममा प्रदर्शनकारीले प्रहरीमाथि ढुङ्गामुढासमेत गरेका थिए । प्रहरीले १० जना प्रदर्शनकारीलाई नियन्त्रणमा लिएको मध्ये १ जनालाई रिहा गरिसकेको छ ।

सो अभियानका नेता अनिल महासेठले जनाए अनुसार पक्राउ पर्नेहरुमा विशाल चित्रकार, मनोज लामा, सनम लिम्बु, रामप्रवेश साह, सन्तोष मेहता, भुवन केसी ,विजय लामा, उमेश मोक्तान र महेश लामा रहेका छन् । रोशन थापालाई प्रहरी रिहा गरिसकेको नेता महासेठले बताए ।

प्रहरीको लाठी चार्जबाट घाइते हुनेहरुमा रमण पाण्डेय, कौशल सिंह, संजय चौधरी, केशव झा, अविन लामा, र कुशल थिन रहेका छन् ।

त्यसैगरि श्रीधर मानन्धर ,रिशन लामा, आकाश घोस्टिङ ,कविन लामा ,विशाल योञ्जन ,मोती लाल ठाकुर ,सुमन लामा, सेमसङ लामा ,पसाङ घिसिङ ,साजन तमाङ ,प्रेम बहादुर वाइवा र सीख तबरेङ्कर घाइते भएका छन् । घायतेहरुमा करनक मियाँ, सीख मन्जिर, संजय तमाङ, प्रेम लामा ,धनबहादुर वाइवा ,चन्द्रनारायण थारु र परिचय पाडे रहेको नेता महासेठले जनाएका छन् । उनीहरुको ट्रमा सेन्टरलगायतका अस्पतालहरुमा उपचार भएको छ ।

जिल्ला प्रहरी परिसर कामाठण्डुका प्रमुख प्रहरी उपरीक्षक नवराज अधिकारीका अनुसार दुईजना सुरक्षाकर्मी सहित ६ जना मात्र घाइते भएका छन् । जसमध्ये ४ जना प्रदर्शनकारी र २ जना प्रहरी रहेको उनले बताए । घाइते प्रहरीमध्ये १ जनाको अवस्था गम्भीर रहेको र उनको अन्नपूर्ण न्युरो अस्पतालमा उपचार भइरहेको प्रहरी उपरीक्षक अधिकारीले बताए । प्रहरीका अनुसार चार जना प्रदर्शनकारीलाई पक्राउ गरिएको छ । तर प्रदर्शनकारीहरुले ९ जना प्रहरी नियन्त्रणमा रहेको दाबी गरेका छन् ।




महतो नेतृत्वको अभियानले नेवाः लगायत नेपालका राज्यविहीन राष्ट्रहरूमाथि कायम औपनिवेशिकताको अन्त्य गर्दै नेपाः मण्डल सहित बहुलराष्ट्रिय राज्य नेपाल स्थापना गर्न भन्दै वसन्तपुरमा भेला भई खुल्ला मञ्च जाने कार्यक्रम तय भएको विज्ञप्ति मार्फत जानकारी दिएको थियो ।

तर प्रदर्शनकारीहरुले भद्रकालीबाट खुल्ला मञ्च तर्फ नगई निषेधित क्षेत्र सिंहदरबार तर्फ बढ्न थालेपछि प्रहरीसित झडप भएको थियो । प्रदर्शनकारीहरुले सुरक्षा घेरा तोड्ने प्रयास गर्दा प्रहरीले लाठी चार्ज गरेको थियो ।

महतोले काठमाण्डुमा शक्ति प्रदर्शन गर्ने तयारी गरेका थिए । काठमाण्डु लगायतका जिल्लाहरुबाट त्यसका लागि कार्यकर्ताहरु लगिएको थियो । तर जुलुस सभा स्थल भन्दा अगावै प्रहरीसितको झडपमा फँसेपछि नेताहरुले सम्बोधन गर्ने कार्यक्रम नै बिथोलिएको थियो ।

अभियान थालेको घोषणासँगै यस अघि पनि महतोले काठमाण्डुको भद्रकालीबाट निषेधित क्षेत्र तोड्ने प्रयास गर्दा प्रहरीले लाठी चार्ज गरेको थियो । त्यसमा नेता महतो पनि घाइते भएका थिए ।

लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) नेपाल छाडेर अभियानमा लागेका महतोलाई लोसपाका युवा नेताहरुले समेत साथ दिइरहेका छन् । उनले देशभरिका आदिवासी, जनजाति, थारु, मधेशी, दलित, मुस्लिम समुदायलाई अभियानमा ल्याउन सकृय छन् ।

महतोको अभियानमा नेपाल सूदभावना पार्टी र सद्भावना पार्टीलगायत दलका नेताहरु पनि सहभागी हुन थालेका छन् । तर उनी बाहेक पहिचान बनाएका कमै नेताहरुमा अभियानमा छन् ।




# मेयर बालेन साहविरुद्ध खनिए सांसद प्रभु साह



**टुडे समाचारदाता**

काठमाण्डु । सुकुम्बासी र कवाड व्यवसायीहरुको सुरक्षाको प्रत्याभूति नगराइए काडमाण्डु महानगरमा स्काभेटर चलाउने चेतावनी आम जनता पार्टी (आजपा)का अध्यक्ष समेत रहेका सांसद प्रभु साहले दिएका छन् ।

जनआन्दोलन दिवसको अवसरमा शनिबार भृकुटीमण्डपमा आयोजित बृहत्त जनप्रदर्शनसहितको खबरदारी सभामा बोल्दै आजपा अध्यक्ष साहले काठमाण्डु महानगरका मेयर बालेन साहलक्षित यस्तो चूनौती दिएका छन् ।

मेयर बालेन साहले काठमाण्डुमा लामो समयदेखि कवाड व्यवसाय गर्दै आएकाहरुलाई नदी छेउबाट हटाउन खोजेका छन् । उनले सुकुम्बासीको नाममा कवाड व्यवसायीहरुले कब्जा गरेको आरोप लगाउँदै नदी किनारालाई खाली गर्न धरपकड समेत गर्न थालेपछि सांसद साहले काठमाण्डुमा बृहत्त जनप्रदर्शन गरेका छन् ।

काठमाण्डुमा कवाड व्यवसाय गर्नेहरु अधिकांश रौतहट र सर्लाही जिल्लाका हुन् । उनीहरुको ठूलो कारोबार रहेको र हजारौं मानिसले रोजगारी पाएका छन् ।

काठमाण्डु महानगरपालिकाको सरसफाईमा समेत कवाड व्यवसायीहरुको महत्वपूर्ण भूमिका रहेको छ । नेता साहले प्रधानमन्त्री पुष्पकमल दाहाल र गृहमन्त्री रवि लामिछानेलाई गरिखाने वर्गलाई सुरक्षा नदिइए आफूले त्यसको प्रतिकार गर्ने धम्की दिए ।

मुलुकमा पहिलो र दोस्रो जनआन्दोलन भैसकेको उल्लेख गर्दै उनले भने, आज तेस्रो जनआन्दोलनको उद्घोष हो । यो लुटकारी दलतन्त्रको खारेजीको लागि यो तेस्रो जनआन्दोलनको उद्घोष हो । नेपालको समृद्धिको लागि अहिलेको लुटकारी व्यवस्था अन्त्य गर्नुपर्नेमा उनले जोड दिए ।

'काठमाण्डुमा केही मान्छेले सूर्य पूर्वबाट उदाउँछ भन्ने थाहा हुँदाहुँदै पनि पश्चिमबाट उदाउँछ भनेर जिद्दी गरिरहेका छन्' उनले भने, कवाडीहरुले फोहोर सफा गरेको अवस्थामा उल्टै फोहोर गरेको भनेर विस्थापित गर्न खोजिनु दुर्भाग्य हो ।'

अध्यक्ष साहले आफ्नो लामो भाषणको अधिकांश समय मेयर बालेन साहविरुद्ध खर्चेका थिए । विरोध सभाका अधिकांश सहभागी कवाड व्यवसायसित आवद्ध थिए ।



# पिकअपको ठक्करबाट बालकको मृत्यु

**टुडे समाचारदाता**

लहान। सिरहामा पिकअपको ठक्करबाट एक बालकको मृत्यु भएको छ। मृत्यु हुनेमा सिरहाको कल्याणपुर नगरपालिका- ३ इटारी प्रसाहीका सुरज साहका १० वर्षीय छोरा मन साह रहेका छन्।

प्र.२-० १००१च ०३७६ नम्बरको कुखुरा ओसारपसार गर्ने पिकअपले ठक्कर दिँदा बालक गम्भीर घाइते भएका थिए।

उनलाई उपचारको लागि प्रादेशिक अस्पताल सिरहा लैजाने क्रममा बाटोमा नै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।



सो घटनापछि ठक्कर दिने पिकअप चालक फरार छन्। भने बालकको शव पोस्टमार्टमका लागि सिरहा अस्पतालमै राखिएको छ।

फरार पिकअप चालकको खोजी र घटना विषयमा थप अनुसन्धान भइरहेको सिरहा प्रहरीले जनाएको छ।

# सोनार समाजको अध्यक्षमा पुनः साह

**टुडे समाचारदाता**

राजविराज । नेपाल सोनार समाज राजविराज नगर समितिको अध्यक्षमा पुनः बालकिशोर साह निर्वाचित भएका छन्।

राजविराजमा शनिबार भएको समाजको तेश्रो वार्षिक साधारण सभाले साहको नेतृत्वमा कार्यसमिति निर्वाचित भएको छ। साह यसअघि पनि समाजको नगर समिति अध्यक्ष थिए।

सो समितिको उपाध्यक्षमा राजेन्द्र प्रसाद साह, सचिवमा बिनोद साह र कोषाध्यक्षमा महेश्वरप्रसाद साह निर्वाचित भएका छन्।

त्यस्तै सदस्यहरुमा शिवशंकर प्रसाद साह, श्याम साह, बसन्त साह, धर्मेन्द्र साह र बेताव साह निर्वाचित भएका छन्।




नवगठित समितिको सल्लाहकारमा प्रभात कुमार ललन, शिवनारायण साह, सत्यनारायण साह, देवेन्द्र साह र बिमल कुमार साहको चयन गरिएको नगर समितिद्वारा जारि विज्ञप्तिमा जनाइएको छ।

# पर्सा बिन्दवासिनीमा बेथिति



**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको बिन्दवासिनी गाँउपालिकामा भ्रष्टाचार र बेथिती मौलाएको आरोप लागेको छ। नेविसंघले बिन्दवासिनीमा बढेको भ्रष्टाचार भएको भन्दै सोको विरोधमा खबरदारी जुलुस गरेका छन्।

पर्साको बहुअर्वाभाठामा शनिबार बसेको नेविसंघ गाँउपालिका इकाइ समितिको बैठकले स्थानीय भ्रष्टाचार र बेथिति विरुद्ध खबरदारी जुलुस लगाययत विभिन्न दबाबमूलक कार्यक्रम गर्ने निर्णय गरेको संघका अध्यक्ष विकास पटेलले जानकारी दिए।

सो बैठकले गाँउपालिका कार्यालयले दिने शिक्षा क्षेत्रसंगै अन्य सेवा सुविधा र भइरहेका विकास निर्माणका कामबारे सूचना माग्ने र गाँउपालिका कार्यालयले सूचना दिन आलटाल गरेर चरणबद्धरुपमा खबरदारी लगायतका दबाबमूलक कार्यक्रम गर्ने निर्णय गरेको नेविसंघका जिल्ला सचिव सुधांशु चौरसियाले बताए। पछिल्लो केही समय यता गाँउपालिकामा जनप्रतिनिधि र कर्मचारीहरुको मिलेमतोमा भ्रष्टाचार बढेको जनगुनासो आउन थालेपछि नेविसंघले त्यसलाई रोक्न यस्तो निर्णय गरेको चौरसियाले बताए।

त्यस्तै बैठकले गाँउपालिकाका सामुदायिक विद्यालयहरुमा दिवा खाजा, छात्रवृति वितरणको अवस्था लगायतका विषयमा पनि विद्यलयहरुमै पुगेर अनुनगमन गर्ने निर्णय गरेको छ।

# शिक्षणस्तर बढाउन नीजि विद्यालयका शिक्षकहरुलाई प्रशिक्षण

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाका नीजि विद्यालयका शिक्षकहरुलाई जनकपुरधाममा शिक्षण सम्वन्धी एकदिने पुनर्ताजगी कार्यक्रम सम्पन्न भएको छ।




शनिबार जनकपुरधाममा संचालन गरिएको आधारभुत तथा मावि स्तरिय एक दिवसीय गणित शिक्षक शिक्षण पुनर्ताजगी कार्यक्रममा धनुषाका दुइसय भन्दा बढि नीजि विद्यालयका शिक्षकहरुको सहभागीता रहेको थियो।

प्यावसन धनुषा र एन प्यावसन धनुषाको आयोजन तथा नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ सहजीकरणमा भएको पुर्नताजगी कार्यक्रममा शिक्षण सम्वन्धि क्रियाक्लापको प्रशिक्षण दिइएको प्रशिक्षक हुकुम प्रसाद दहालले जानकारि दिए।

अंग्रेजी माध्यमबाट पढाउने सामुदायीक विद्यालयलाई समेत सहभागी गराइएको पुनर्ताजगी कार्यक्रमबाट शिक्षकको शिक्षण स्तरलाई उकास्ने र शिक्षामा सिकाईको स्तरमा पनि वृद्धि हुने भएकोले कार्यक्रम उतकृष्ट रहेको दहालले जानकारि दिए।

कार्यक्रममा अर्का प्रसिक्षकका अनुसार परिवर्तन भएको करि कुलमलाई कुन तवरले पढाईने र कसरी बढि भन्दा बढि प्रतिफल प्राप्त गर्ने उदेश्यकका साथ प्रशिक्षणको आयोजना गरिएको बताए। उनका अनुसार यसभन्दा पहिले पनि प्रशिक्षण कार्यक्रमको आयोजना भएकोमा राम्रै प्रतिक्रिया आएकोले यसलाई निरन्तरता दिइएको जानकारि दिए।

कार्यक्रममा धनुषाका निजी विद्यालयका दुइसय पचास भन्दा बढि शिक्षक शिक्षीकाहरुको उपस्थिती रहेको थियो।

# नेपाल र जापानबीच भागिनी सम्बन्ध स्थापना गर्ने प्रक्रिया सुरु

काठमाण्डु । नेपालको गुल्मी जिल्लाको मुसिकोट नगरपालिका र जापानको ओइताको बुङ्गोओनोबीच भगिनी सम्बन्ध स्थापना गर्ने प्रक्रिया अघि बढेको छ।

दुवै नगरपालिकाबीच व्यावसायिक सम्भावना र सहकार्यबारे गहन छलफल भइरहेको गैरआवासीय नेपाली सङ्घसँग आबद्ध व्यवसायी लालबहादुर केसी (रोशन)ले जानकारी दिनुभयो । नेपाल-जापानबीचको सम्बन्धलाई एउटा तहसम्म कसरी पुऱ्याउन सकिन्छ र त्यसका लागि केकस्तो काम गर्नुपर्छ भन्ने उदाहरणका रुपमा भगिनी सम्बन्ध विस्तार गरिने उहाँले बताउनुभयो।

ओइताकोमा किवीखेती गर्दै आउनुभएका केसीले भन्नुभयो, "हामीलेयहाँकिवीखेती (फार्म) गरेका छौँ, त्यस क्रममा नगरपालिकासँग सम्पर्क भयो, मेयरसँग मित्रता बढ्यो, अनि भगिनी सम्बन्धको प्रक्रिया अघि बढायौँ।"मुसिकोट र ओइताको बुङ्गोओनोबीच भगिनी सम्बन्ध स्थापना गर्ने सन्दर्भमा त्यहाँका मेयर कावानो फुमितोसी र अध्यक्ष ताजिमा एइचीलगायतको टोली नेपाल आई मुसिकोटको भ्रमण समेत गरिसकेको छ। उहाँकै सक्रियतामा टोकियोस्थित नेपाली राजदूतको उपस्थितिमा मुसिकोटबाट जापान गई विभिन्न पेसा व्यवसायमा संलग्न व्यक्ति र प्रबुद्ध व्यक्ति वर्गको सहभागितामा आगामी नयाँ वर्षको पहिलो दिन हुने छलफलमा दुवै नगरबीच सम्बन्ध विस्ताका थप सम्भावनाका क्षेत्रबारे खोजी हुनेछ।

मुसीकोटबाट जापानमा आएका नागरिकले आफ्नो जन्मथोलोमा सामूहिकरुपमा केही गरौँ भन्ने भावना जागृत तुल्याउन उत्प्रेरित गर्ने तथा जापानमै रहेकालाई पनि थप अवसरका लागि बाटो देखाउने कार्य पनि छलफलका क्रममा हुने व्यावसायिक केसीले बताउनुभयो । दुवै नगरबीचको सम्बन्धलाई परिणामुखी र उदाहरणीय बनाउन आफूहरुले हर प्रयत्न गर्ने गैरआवासीय नेपाली सङ्घ जापानस्थित अभियन्ता भुषण घिमिरेले बताउनुभयो।

भगिनी सम्बन्ध विस्तारसँगै जापानको त्यस नगरमा रहेको जनशक्तिको अभावमा मुसिकोटले सहयोग पुऱ्याउने तथा त्यस नगरले मुसिकोटका युवालाई तालिम र प्रविधिबाट दक्ष तुल्याई रोजगारी दिलाउन सहयोग गर्नेछ । पत्रकार घिमिरेले भन्नुभयो, "जापानको त्यस नगर क्षेत्रमा कमी देखिएको दक्ष कामदार उपलब्ध गराउन मुसिकोटले सहयोग पुऱ्याउनेछ भने ती जनशक्तिका लागि उच्चस्तरीय तालिम प्रदानमा ओइताले सहयोग गर्ने छ।"

जापानको ओइताको बुङ्गोओनो नगरले मुसिकोटका उत्पादनलाई प्याकेजिङ र व्यापार प्रवर्द्धनमा समेत सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ । गुल्मी कफीखेतीका लागि मुलुकमा चिनिएको जिल्ला हो। मुसिकोटबाट हाल ओइतामा एक हजारभन्दा बढी युवायुवती पुगेका छन् । मुसिकोट नगरपालिका मेयर जीवलाल खरेलले पुष्टि गर्नुभयो ।रासस

# सृजनाले रङ्गियो 'नेपाल-भारत सम्बन्ध'

काठमाण्डु । काँकडभिट्टा बस्ने कलाकार तेटेन शेर्पा नेपाल र भारतमा कला सृजना गर्दै आउनुभएको छ। उहाँ नेपाल र भारतका कलाकारका लागि सम्बन्ध सेतु नै बन्नुभएको छ।



बेलाबेलामा भारतमा जानुहुन्छ चित्र सृजना गर्नुहुन्छ फेरि नेपाल आउनुहुन्छ र सृजना गर्नुहुन्छ । यसरी जाँदा आउँदा उहाँलाई नेपाल र भारतका भूगोल, संस्कृति, रहनसहन, मानिसको अनुहार, वेशभूषा एकै लाग्छन् ।शेर्पाले भारतीय कलाकारसँगै काठमाडौँ आएका बेला नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानमा जारी कला प्रदर्शनीका क्रममा 'सम्बन्ध' विषयमा चित्र सृजना गर्नुभयो । उहाँले आफ्नो मावली घर भारतको दार्जिलिङ भएकाले मेची नदीलाई बीचमा पारेर दुई देशको दृश्य कैद गरी आपसी सम्बन्धलाई प्रस्तुत गर्नुभएको थियो।

"मैले दुई देशको सम्बन्ध देखाउन खोजेको हुँ। माओली घर भारतको दार्जिलिङ हो । त्यसैले मेचीलाई साक्षी राखेर नेपाल र भारतको दृश्यचित्र कैद गरेको छु", शेर्पाले भन्नुभयो । आफ्नो र मावली घरको सम्बन्ध कस्तो हुन्छ, त्यस्तै सम्बन्ध नेपाल र भारतबीचको छ भन्ने कुरा पस्कन खोजेको उहाँले बताउनुभयो।

कार्यशालामा अर्का कलाकार डिबी राईले कार्यक्रम अनुसार कै विषयमा चित्र सृजना गर्नुभयो । उहाँले आदिवासी किराँत संस्कृतिलाई प्रस्तुत गर्नुभयो। जुन नेपाल र भारतमा छ। राई लिम्बूको संस्कृति नेपाल र भारतको सिक्किम, दार्जिलिङमा पनि छ । खर्साङ कालिङपोङमा पनि उस्तै छ ।उहाँले सृजनामा किराँतेश्वरको मूर्तिलाई आधार बनाएर 'फ्युजन' गर्न खोजेको बताउनुभयो। गरिएको छ। राईले भन्नुभयो, "एकै भाषा र संस्कृति भएपछि सम्बन्ध यसै बलियो हुने नै भयो, मेरो सृजनाले पनि त्यही भन्छ।"

अर्का कलाकार एनबी गुरुङले अमूर्त चित्र सृजना गरी दुई देशबीच सदिऔँदेखिको भाइचारा र आत्मिय सम्बन्धलाई प्रस्तुत गर्नुभयो । भारतका कलाकारको नेतृत्व गर्दै आउनुभएकी दीपा राईले महिलालाई विम्ब बनाएर दुई देशको आपसी भाइचाराको सम्बन्धलाई प्रस्तुत गर्नुभयो ।कार्यशालामा सम्बन्धलाई फरकफरक दृष्टिकोणबाट भारतीय कलाकारहरु पासाङ शेर्पा, कमल खालिङ, धीरज प्रधान, सागर सुब्बा, विमला प्रधान, विके सुब्बा, कृष्ण राई, छेन्डुप लेप्चा, विकास सुब्बा, टीका प्रधान, रिचर्ड जी लेप्चा, टेसेटेन शेर्पाले जलरङका माध्यमबाट क्यान्भास सजाउनुभयो।

उहाँहरुलाई नेपाली कलाकारले साथ दिनुभयो । नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानले काठमाडौँमा नेपाल र भारतका कलाकारको सहभागितामा सम्बन्ध शीर्षकमा तीनदिने कला कार्यशाला र प्रदर्शनी आयोजना गरेको छ।

कार्यशालाका क्रममा आज कलाकारहरु भक्तपुरको दरबार स्क्वायर क्षेत्रमा पुगेका छन् । कला र सृजनाका माध्यामबाट दुई देशबीचको सम्बन्ध थप प्रगाढ बनाउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले बताउनुभयो । उहाँले कलाको भाषा वा सीमा नहुने अमूर्त सम्बन्ध जस्तै हुने बताउनुभयो।

हार्तम्छालीले सृजनालाई राजनीतिक सीमाले कहिल्यै नछेक्ने हुँदा सृजनाको भाषा विश्वमै अब्बल हुने बताउनुभयो । उहाँका अनुसार कार्यशाला र प्रदर्शनीमा १३ भारतीय र २२ नेपाली कलाकार सहभागी छन्। उनीहरुले बनाएका सृजनाहरु नक्सालमा आज पनि प्रदर्शन भइरहेको छ । मुख्यगरी भारतको सिक्किम, दार्जिलिङ र कालिङपोङका कलाकार यहाँ आएका छन् ।रासस

# महिलाको स्वास्थ्य सेवालाई गुणस्तरीय बनाउनेबारे सम्मेलन

काठमाण्डु।महिलाकोस्वास्थ्य सेवालाई गुणस्तरीय बनाउन नेपालमा स्त्रीरोग विशेषज्ञ जुटेका छन्। 'स्त्रीरोग विशेषज्ञ समाज'को १७औँ राष्ट्रिय सम्मेलनमा नेपालसहित विदेशका करिब पाँच सय चिकित्सक सहभागी भई नेपालका महिलाको स्वास्थ्य सेवा गुणस्तर बनाउन जुटेका हुन्। सम्मेलनमा विदेशबाट आएका चिकित्सकले नेपालका महिलाको स्वास्थ्यका क्षेत्रमा कसरी गुणस्तरीय सेवा प्रदान गर्न सकिन्छ भन्ने सीप सिकाउने समाजका अध्यक्ष डा सरोजा कार्की पाण्डेले बताउनुभयो। कार्यक्रममा सांसद डा चन्दा कार्कीले सम्मेलनले महिलाको स्वास्थ्यको क्षेत्रमा गरिएका अनुसन्धानबाट प्राप्त नतिजाका आधारमा महिलालाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नेबारे ज्ञान पुग्ने बताउनुभयो । उहाँले सम्मेलनमा महिलाको स्वास्थ्य उपचारका लागि अपनाइने नयाँनयाँ प्रविधिका बारेमा छलफल हुने भन्दै ती प्रविधि नेपालमा भित्र्याउनुपर्नेमा जोड दिनुभयो।

स्वास्थ्य सेवा विभागका महानिर्देशक डा सङ्गीता कौशल मिश्रले समाजले महिलाको स्वास्थ्य क्षेत्रमा गरेका कामको सराहना गर्नुभयो। समाजले यस क्षेत्रमा उपलब्धि हासिल गर्दै प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने उहाँको भनाइ छ ।डा मिश्रले महिलाको स्वास्थ्यको तथ्याङ्कले नेपालले केही प्रगति गरे पनि अझै गर्नुपर्ने भन्दै सरकारले महिलाको स्वास्थ्यलाई प्राथमिकता राखेको बताउनुभयो। उहाँले गरिबी, विपन्न वर्गसम्म महिला स्वास्थ्यको पहुँच बढाउन आवश्यक रहेको बताउनुभयो।

समाजका पूर्वअध्यक्ष डा लक्ष्मी नानी श्रेष्ठले दिगो विकास लक्ष्य प्राप्त गर्नका लागि महिलाको स्वास्थ्यमा सुधारमा आउनुपर्ने बताउनुभयो। सम्मेलनमा विदेशी चिकित्सकले नेपालमा महिलाका स्वास्थ्यमा गरेका अध्ययन अनुसन्धानबारे पनि छलफल गरिने छ। समाजका अध्यक्ष डा पाण्डेले नेपालको महिलाको स्वास्थ्यमा सुधार आए पनि अझै सुधार गर्नका लागि सम्मेलन फलदायी हुने विश्वास व्यक्त गर्नुभयो। उहाँका अनुसार नेपालमा एक लाख जीवित जन्ममा सन् १९९६ मा ६ सय ३९ मातृ मृत्युदर रहेकामा सन् २०२२ मा उक्त दर घटेर एक सय ५१ मा झरेको छ।

"अझै पनि महिलाको स्वास्थ्यमा गुणस्तरीय सेवा पुर्याउन सकिएको छैन", डा पाण्डेले भन्नुभयो, "हामीले सिकेका तालिम फरक हुन्छन् । नयाँ र आधुनिक तालिम सबै चिकित्सकले प्राप्त गर्न सकेका छैनन् ।" उहाँले चिकित्सक विदेशिएकाले पनि अहिले भइरहेका चिकित्सक र बिरामीको अनुपातमा धेरै फरक देखिएको भन्दै गुणस्तरीय स्वास्थ्य प्रदान गर्न समस्या भइरहेको बताउनुभयो।

समाजका अध्यक्ष डा पाण्डेका अनुसार सम्मेलनमा महिला स्वास्थ्यसम्बन्धी कार्यपत्र प्रस्तुत गरिने छ भने वरिष्ठ चिकित्सकले कनिष्ठ चिकित्सकलाई आफूले जानेको कुरा सिकाउने छन् । आजसम्म सञ्चालन हुने उक्त सम्मेलनमा भारत, श्रीलङ्का, बङ्गलादेश, अमेरिका, अष्ट्रेलियालगायत देशका स्त्री रोग विशेषज्ञको सहभागिता छ । सम्मेलनले सरकारले महिला स्वास्थ्यका क्षेत्रमा गर्नुपर्ने कामबारे सुझाव दिनेछ ।रासस

## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : धन वृद्धि सञ्चय। |
| बृष | : प्रेम प्रसंग, मित्र सुख। |
| मिथून | : सुख समृद्धि हुने। |
| कर्कट | : भ्रमण अवसर हुने। |
| सिंह | : अवसर प्राप्त। |
| कन्या | : वाद विवादबाट बच्नु। |
| तुला | : पुरस्कार प्राप्त लाभ। |
| वृश्चिक | : नयाँ कार्य हुने। |
| धनु | : बौद्धिक क्षमता। |
| मकर | : प्रतिभा सम्पन्नता। |
| कुम्भ | : शिक्षामा उन्नति। |
| मीन | : पारिवाहिक सुख। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



**मटिहानी ७ स्थित पीरबाबा मजार** (इस्लाम परम्पराका सुफी सन्त पीरबाबा)को समाधीस्थल ।सुफी सन्त पीरबाबा आधुनिक मटिहानीका परिकल्पनाकारका रुपमा यो क्षेत्रमा पूज्य हुनुहुन्छ । *तस्बिर : रासस*

# पर्सामा महिला साना उद्योगी बढे

**टुडे समाचारदाता**

वीरगंज । मुलुकभरिनै उद्योग व्यवसाय धाराशायी भइरहेको अवस्थामा पर्सामा महिलाहरु साना उद्योगीहरु बढ्ेको देखिएको छ । सरकारले महिला सञ्चालक भएका उद्योग दर्तामा ३५ प्रतिशतमात्र दस्तुर लाग्ने व्यवस्था गरेपछि उद्योग दर्ता बढेको हो ।




घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख धनञ्जय कुमार सिंहका अनुसार दैनिक १० देखि १२ वटासम्म नयाँ उद्योग दर्ता हुने गरेकामा करिब ७० प्रतिशत व्यापार महिलाकै नाममा दर्ता हुने गरेको छ । उनका अनुसार चालु आर्थिक वर्षको आठ महिनामा पर्सामा छ सय ७३ नयाँ उद्योग दर्ता भएकामा तीमध्ये दुई सय ९९ व्यवसायका सञ्चालक महिला छन् । महिलाका नाममा दर्ता भएका व्यवसायमा सिलाइकटाइ, ब्युटीपार्लर छन्भने उद्योगतर्फ कृषि, माछा तथा पशुपालन छन् । नयाँ दर्ता भएका उद्योगमा एक हजार सात सय नौ जना पुरुष र एक हजार दुई सय ८० जना महिलाले रोजगारी पाएका उक्त कार्यालयले जनाएको छ । आठ महिनमा १६ वटा उद्योगको नाम संशोधन, ३७ वटाको नामसारी, २५ वटाको ठाउँ सारी, पाँच वटा उद्योगको वातावरण परीक्षण, एक सय २५ वटा उद्योगको पुँजीवृद्धि गरिएको छ । सो अवधिमा सात सय २६ वटा उद्योगको नवीकरण, ७९ वटाको लगत कट्टा, छ वटाको शाखा विस्तार तथा ३३ वटा उद्योगको उद्देश्य थप गरिएको छ । नयाँ उद्योग दर्ता, नवीकरणलगायत सेवा प्रवाहबाट राज्यकोषमा रु ५४ लाख १९ हजार ७५ दाखिला भएको छ ।

# औद्योगिक क्षेत्रको विकासबिना मुलुकले गति लिन सक्दैन : मन्त्री भण्डारी

**वीरगंज** । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले नेपालमा औद्योगिक क्षेत्रको विकासबिना मुलुकले गति प्राप्त गर्न नसक्ने बताउनुभएको छ ।



कान्तिपुर मिडिया ग्रुपले आज औद्योगिक नगरी वीरगञ्जमा ‘ वीरगञ्जको वाणी’ बहसमूलक कार्यक्रमअर्न्तगतको ‘उद्योग र व्यापार खोइ पूर्वाधार’ भन्ने सत्रमा मन्त्री भण्डारीले वीरगञ्जको औद्योगिक क्षेत्रका रुपमा अपेक्षाकृत ढङ्गले विकास हुन नसकेको बताउनुभएको छ ।

“वीरगञ्ज सहरले हिजो पनि औद्योगिक क्षेत्रका रुपमा पहिचान बनाएको थियो, जसरी वीरगञ्जको औद्योगिक क्षेत्रका रुपमा विकास हुनुपर्ने थियो, सोही अपेक्षाकृत ढङ्गले विकास हुन सकेको छैन, यद्यपी सरकारले वीरगञ्जको औद्योगिक क्षेत्रको विकासका लागि आवश्यक पहलकदमी भने गरिरहेको छ”, उहाँले भन्नुभयो । मन्त्री भण्डारीले सरकारले वीरगञ्जको उद्योगधन्दा र उद्यमशीलताको विकासलाई आगामी दिनमा प्राथमिकतामा राखेर अघि बढ्ने बताउनुभयो ।

“कोभिड, आर्थिक मन्दी लगायतका कारणले औद्योगिक क्षेत्रको विकास जुन रुपमा हुनुपर्ने थियो, त्यो हुन सकिरहेको छैन, त्यसैले सरकारले धरासायी भएका उद्योगलाई उकास्ने खालको नयाँ नीति ल्याएर अघि बढ्ने तयारी गरिरहेको छ”, मन्त्री भण्डारीले भन्नुभयो, “सरकारले नेपालमा उद्योगी व्यवसायीले भोग्नुपरेको प्रक्रियागत झन्झट र अन्य कानुनी जटिलताको अन्त्य गर्नका लागि लगानी सम्मेलनको पूर्वसन्ध्यामा कानुन संशोधन गर्न खोजेको छ, त्यसले पक्कै पनि लगानीको वातावरण सिर्जना गर्ने अपेक्षा गरेका छौं ।”

उहाँले नेपालको अर्थतन्त्र आयातमुखी भएको बताउँदै सकेसम्म स्वदेशमा नै प्राप्त हुने कच्चापदार्थबाट उद्योगधन्दा सञ्चालन गर्नुपर्ने औंल्याउनुभयो । “संघीय सरकारले सात वटै प्रदेशमा औद्योगिक क्षेत्र निर्माण गर्ने योजनालाई अघि सारिसकेको छ”, उहाँले भन्नुभयो, “औद्योगिक क्षेत्र निर्माण सबैले हातेहालो गरेर अघि बढेमात्रै सम्भव छ ।”

मन्त्री भण्डारीले उद्योग खोल्नका लागि जग्गाप्राप्ति, मुआब्जा र क्षतिपूर्ति र वनसँग सम्बन्धित विभिन्न प्रावधान बाधक रहेकाले ती बाधा अड्चनलाई पनि फुकाउने गरी काम गरिरहेको बताउनुभयो ।

उहाँले सरकारले उद्योगधन्दा चलाउने नभएर उद्योगधन्दा सञ्चालनका लागि सहजीकरण गर्ने बताउनुभयो ।रासस

# राजविराजमा ‘शपिङ कम्प्लेक्स’ निर्माण सुस्त

**टुडे समाचारदाता**

राजविराजाराजविराजकोहटियामा सुन्दर हाट र बजार व्यवस्थित गर्ने उदेश्यले निर्माणाधीन रहेको ‘शपिङ कम्प्लेक्स’ को काम सुस्त गतिमा भइरहेको छ । सप्तरीको सदरमुकाम राजविराजस्थित हटियामा दुईतले शपिङ कम्प्लेक्स निर्माण सुरु गरिएको थियो ।



हटिया पस्ने मुख्य बाटोमा स्थानीयले जथाभावी फालेका फोहोरका कारण हटिया क्षेत्र सधैँ दुर्गन्धित देखिने गरेको छ । पाँच वर्षअघि राजविराज नगरपालिकाका तत्कालीन नगरप्रमुख शम्भुप्रसाद यादवको नेतृत्वले निर्माण थालेको उक्त भवन सम्पन्न नहुँदा बजार अस्तव्यस्त बनेको स्थानीय व्यापारी बताउँछन । निर्धारित समयमा भवन सम्पन्न नहुँदा बजार वरिपरि जथाभावी तरिकाले पसलहरु सञ्चालन भएका छन् भने बजार अस्तव्यस्त देखिएको छ ।

जथाभावी सागसब्जी, किराना पसल, फलफूहरु, विभिन्न कोस्मेटिक समान, चामल, भाँडावर्तन, दाउरा नाङ्लो बेच्ने व्यापारी अव्यवस्थित रुपमा बसेर बिक्री गर्ने गरेका राजविराज-३ का बबिता यादवले गुनासो गरे । यसरी बजार अव्यवस्थित हुँदा पैदल यात्रा गर्न तथा दैनिक उपभोग्य वस्तु किन्न सास्ती हुने गरेको उनको भनाइ छ ।

यादवका अनुसार राजविराजको हटियामा ढल निकासका लागि नालाहरु निर्माण सुस्तगतिमा गरेकाले हटिया प्रवेश गर्ने ठाउँबाट अन्य ठाउँमा किनमेल गर्न, आवतजावत गर्न कठिनाइ भइरहेको देखिएको छ । स्थानीय कोस्मेटिक (मनियहारा) पसल सञ्चालक श्रवण दासका अनुसार हटियबजार व्यवस्थित गर्नका लागि निर्माण थालिएको शपिङ कम्प्लेक्सको काम समयमा सम्पन्न नभएकाले व्यापारव्यवसाय फस्टाउन सकेको छैन ।

शपिङ कम्प्लेक्सको करिब ८० प्रतिशत काम सकिएर ढल निकासी गर्नका लागि चारैतिर नाला बनाउने काम भइरहेको कार्यवाहक नगरप्रमुख इसरत परविनले बताए । राजविराज-७ स्थित हटियाको एक बिघा ११ कठ्ठा जग्गामा सघन सहरी विकास कार्यक्रमअन्तर्गत नगरपालिकाले पाएको कूल रु ३५ करोडमध्ये रु १९ करोडको लागतमा भवन व्यवस्थित गर्ने काम थालिएको उनले जानकारी दिए ।

दुईतले शपिङ कम्प्लेक्समा तीन सय आठ कोठा रहने छन् । भवन निर्माण डिभिजन कार्यालयमार्फत रसुवा रोसन जेभी निर्माण कम्पनीसँग सम्झौता भई भवन निर्माण थालिएको थियो । ठेकेदारको लपरबाहीका कारण निर्धारित समयभन्दा दुई वर्ष बढी लागे पनि हालसम्म सम्पन्न नभएको नगरवासीले गुनासो गरेका छन् ।

भवनको पहिलो तला छत ढलान गर्ने र दोस्रो तलामा जस्ताले छाउने गरी कम्प्लेक्स निर्माण भइरहेको नगरपालिकाले जनाएको छ । सोही अनुरुप पहिलो तला छत ढलान र दोस्रो तलामा जस्ताले छाउने काम सम्पन्न भएको कार्यवाहक नगरप्रमुख परविनले जानकारी दिनुभयो । उहाँका अनुसार हालसम्म करिब ८० प्रतिशत काम सम्पन्न भइसकेको छ ।

कार्यवाहक नगर प्रमुख परविनले गत साउनमा बजार क्षेत्रका अतिक्रमण गरी अवैधरुपमा निर्माण गरिएका संरचना भत्काउने काम गरिएको भन्दै व्यवस्थित ढल निकासका लागि नाला निर्माण भइरहेको बताए । उनले सुन्दर हाट र व्यवस्थित बजार बन्ने विश्वास व्यक्त गरे । उनका अनुसार बजेट अभावका कारण शपिङ कम्प्लेक्स निर्माणमा समस्या भइरहेको छ ।

# नयाँ वर्ष पार्टी पुनःजागरणको वर्ष हुनेछः महामन्त्री थापा

**पाटन** । नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले आगामी वर्षलाई पार्टी पुनःजागरणको वर्ष बनाउँदै सुशासनप्रति प्रतिबद्ध रहने उल्लेख गर्नुभएको छ ।



नववर्ष २०८१ का अवसरमा नेपाली कांग्रेस ललितपुर क्षेत्र नं २ द्वारा शनिबार महालक्ष्मी नगरपालिका वडा नं ६ सिद्धिपुरमा आयोजित शुभकामना आदानप्रदान कार्यक्रममा महामन्त्री थापाले आम नागरिकमा रहेको राजनीतिप्रतिको वितृष्णालाई चिर्दै भरोसा दिलाउन लागिपर्ने धारणा राख्नुभयो ।

“हामी आफूसँग भएको कुरामा खुसी हुन सक्नुपर्छ । इमानदारीपूर्वक काम गर्नुपर्छ, परिणाम र भविष्यका विषयमा धेरै चिन्ता लिन नहुनेरहेछ”, उहाँले भन्नुभयो, “खुला समाज, निजी क्षेत्रको विकास र नागरिकलाई समृद्ध बनाउने कुरामा विश्वास गर्छौं ।”

उहाँले सुशासनप्रति प्रतिबद्ध रहँदै नागरिकलाई भरोसाको प्रत्याभूति दिने पनि बताउनुभयो ।

“यो वर्ष सत्तामा आँखा लगाउँदैनौँ, जनताको समस्या समाधानका लागि पार्टीलाई बलियो बनाउन लागिपर्छौं, राजनीतिप्रतिको वितृष्णालाई चिर्दै भरोसा दिलाउन लागि पर्छौं”, महामन्त्री थापाले भन्नुभयो ।पुनःजागरणका लागि पार्टीको शुद्धीकरण र सुदृढीकरण हुनुपर्छ भन्नुहुँदै उहाँले विसं २०८२ को महाधिवेशन सम्पन्न गर्न वडा सभापति, क्षेत्रीय सभापति र जिल्ला सभापतिको भूमिका महत्त्वपूर्ण हुने धारणा राख्नुभएको छ ।

उहाँले पार्टीमा सबैले जिम्मेवारी पूरा गर्नुपर्ने र नेता तथा कार्यकर्तामा विचार र व्यवहारको शुद्धीकरण हुनुपर्नेमा जोड दिनुभयो । बाध्यतावश विदेशमा काम गर्न गएकाहरूलाई गौरव गर्न सक्ने र भरोसा दिनेगरी काम गर्न सक्नुपर्छ भन्नुहुँदै उहाँले राजनीतिक नेतृत्वले समस्याको समाधान दिनुपर्ने बताउनुभयो । नागरिकले राजनीतिकर्मीबाट पारदर्शिता र शुद्धता खोजेको छ भन्नुहुँदै उहाँले सांसद, मेयर, वडाध्क्ष निष्कलङ्क हुनुपर्नेमा ध्यानाकर्षण गराउनुभयो ।

कांग्रेस बागमती प्रदेशका उपसभापति तथा संविधानसभा सदस्य चन्द्र महर्जनले जनतामा उत्साह जगाउने काममा केन्द्रीय तहदेखि स्थानीयस्तरसम्म पार्टी नेतृत्व र कार्यसमितिले ध्यान दिनुपर्ने बताउनुभयो ।

पार्टीभित्र क्रियाशील सदस्य बन्न खुला वातावरण बनाउनुपर्ने बताउनुहुँदै जिम्मेवारी र पदमा आउनका लागि निश्चित मापदण्ड तयार गर्नुपर्नेमा जोड दिनुभयो । महामन्त्री थापाले नेतृत्व चयन प्रक्रियालाई परिवर्तन गर्दै गुटबन्दीको अन्त्य गर्न आवश्यक रहेको बताउनुभयो ।

कांग्रेस केन्द्रीय सदस्य तथा राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष प्रा डा गोविन्द पोखरेलले विपीको आदर्श अनुसरण गर्नुपर्नेमा जोड दिनुभयो ।

“हामीहरु विदेशी सीप, ज्ञान ल्याएर नेपाललाई समृद्ध बनाउन सक्छौं । राजनीति भनेको जहिले पनि विचार र दर्शनमा आधारित हुन्छ, दर्शन र विचार नै बलियो नभएका पार्टीहरूसँग अल्मलिएर कांग्रेसले समय खेर फाल्नु हुँदैन”, प्रा डा पोखरेलले भन्नुभयो ।

गालीगलौजको भरमा भोट हाल्ने संस्कृति बदल्नुपर्छ भन्नुहुँदै उहाँले जनप्रतिनिधि समाजसेवा गर्न गएको प्रतिनिधि भएको बताउनुभयो । कांग्रेसले ल्याएको नीतिले २०४८ देखि २०५१ सम्म विकासका गतिविधि तीव्र रूपमा बढेको स्मरण गर्नुभयो । “क्षमता हासिल गर्न विदेश जाँदा दुःख मान्नुपर्दैन, तर बाध्यताले विदेशिएकाप्रति भने हामी संवेदनशील हुनुपर्छ”, उहाँले भन्नुभयो ।

कांग्रेस बागमती प्रदेशका उपसभापति तथा संविधानसभा सदस्य चन्द्र महर्जनले जनतामा उत्साह जगाउने काममा केन्द्रीय तहदेखि स्थानीयस्तरसम्म पार्टी नेतृत्व र कार्यसमितिले ध्यान दिनुपर्ने बताउनुभयो । उहाँले २०८२ सालमा महाधिवेशन हुने वातावरण तयार गर्नु आवश्यक रहेको बताउनुहुँदै समयमा महाधिवेशन भएन भने २०८४ सालको निर्वाचनमा सफल हुन कठिन हुने धारणा राख्नुभयो ।

कांग्रेस जिल्ला सभापति जितेन्द्रकुमार श्रेष्ठले वर्ष २०८१ लाई ललितपुरमा प्रशिक्षण वर्षका रूपमा सङ्गठन परिचालन गर्ने बताउनुहुँदै पार्टीले आवश्यकतानुसारको प्रशिक्षण दिने बताउनुभयो ।

उहाँले अधिवेशनको समयमा भएको मतभेद, मनभेद र कमजोरीलाई लामो समयसम्म लिएर राख्नुहुँदैन भन्नुहुँदै विगतको तिक्ततालाई प्रतिशोधको भावनाले भन्दा पनि सहकार्य गर्दै एकताको भावना लिएर अगाडि बढ्न आग्रह गर्नुभयो ।

कार्यक्रममा प्रदेशसभा सदस्य रामकृष्ण चित्रकार, महालक्ष्मी नगरपालिकाकी उपप्रमुख लक्ष्मी महर्जन, ललितपुर क्षेत्र नं १ का सभापति सुन्दरमान थिङ, क्षेत्र नं २ का सभापति महेश खड्कालगायतले मन्तव्य राख्नुभएको थियो ।रासस

# नेपाल ग्यास उद्योगद्वारा ६ सय थान बढी सिलिण्डर नष्ट

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल ग्यास उद्योग (नारायणी) प्रा. लि.ले ६ सय बढी पुरानो तथा काम नलाग्ने सिलिण्डरहरू नष्ट गरेको छ ।



बाराको सिमरामा स्थित बालाजु औद्योगिक क्षेत्रमा रहेको सो कार्यालयमा ६ सय ६५ वटा सिलिण्डर नष्ट गरेको सो कार्यालयका कार्यालय प्रमुख जिवन छत्कुलीले जनाइएको छ ।


नेपालमा खाना पकाउने एल.पि. ग्यास तथा उच्च गुणस्तरिय सिलिण्डरहरु आयत गरी विगत ३६ वर्षदेखि निरन्तर रुपमा उपभोक्ताहरुलाई सेवा पुरयाउदै आएको यस उद्योगले विगत देखि नै उपभोक्ताहरुको सुरक्षालाई दृष्टिगत गरी गुणस्तर सिलिण्डर प्रयोग गरी आएकोमा समय समयमा पुरानो तथा प्रयोग गर्न नमिल्ने सिलिण्डरहरुको हाइड्रोस्टिक टेस्ट गरी प्रयोग गर्न नमिल्ने सिलिडरहरु छनौट गरी नष्ट गरेको प्रेस विज्ञप्ति जारी गरी जनाइएको छ । विज्ञप्तिमा उपभोक्ताहरुको सुरक्षा तथा ग्यास प्रयोगबाट सुरक्षित हुने गरी भविष्यमा पनि प्रयोगमा ल्याउन नमिल्ने सिलिण्डरहरुको छनौट गरी नष्ट गर्ने कार्यलाई निरन्तरता दिई सुरक्षित सेवा प्रदान गर्ने तर्फ प्रतिवद्ध रहेको समेत उल्लेख गरेकेको छ ।

**मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान**
**मधेश प्रदेश, जनकपुरधाम**

**विज्ञापन म्याद थप सम्बन्धी सूचना**

यस प्रतिष्ठानको विज्ञापन नं. ०१/०७९/८० तेश्रो संशोधन सहित प्रकाशित भएको विज्ञापनमा पूनः मिति २०८०/१२/२५ मा चौथो पटक म्याद थप गरि विज्ञापन गरिएको र सूचना नं. ०१/०८०/८१ बाट यस प्रतिष्ठानद्वारा संचालित प्रादेशिक अस्पताल जनकपुरधाममा रिक्त स्थायी दरबन्दीको पद करार सेवामा तथा सूचना नं. ०२/०८०/८१ बाट यस प्रतिष्ठानमा करार सेवामा आवश्यक जनशक्ति पदपूर्ति गर्नुपर्ने भएकोले विभिन्न पदको लागि विज्ञापन प्रकाशित गरिएकोमा पुनः मिति २०८०/१२/२५ मा दोश्रो पटक म्याद थप गरी विज्ञापन प्रकाशित गरिएको छ । यस सम्बन्धमा विस्तृत जानकारीको लागि यस प्रतिष्ठानको Website : www.mihs.edu.p मा हेर्नुहुन अनुरोध छ ।

**मधेश स्वास्थ्य विज्ञापन प्रतिष्ठान**



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# सद्भाव कायम गर

कोशी प्रदेशको सुनसरी जिल्लामा सामाजिक सद्भाव खल्बलाउने किसिमको गतिविधि भएको छ । केही उच्छृंखल तत्वहरुको कारण सुनसरीमा सामाजिक सद्भाव बिग्रेको छ । स्थानीय प्रशासनले सद्भावलाई कायम गर्न भरमग्दुर प्रयास गरिरहेको छ । जिल्लाको सदरमुकाम इनरुवा सहित पाँचवटा पालिकामा अनिश्चितकालीन कर्फ्यु लगाइएको छ । त्यसले सम्भावित अवाञ्छित गतिविधिलाई रोक्ने विश्वास गरिएको छ । नेपाल चार वर्ण, ३६ जातको फूलवारी भनिएको हो । यद्यपि जात, जातिको संख्या त्यस भन्दा बढी छ । नेपालमा धार्मिक कारणले पछिल्लो समयमा हिंसात्मक घटनाहरु हुन थालेका छन् । विगतमा यस्ता घटनाहरु हुँदैन्थ्यो । सामाजिक सद्भावलाई नै खल्बलाउन दुष्प्रयासमा रहेका असामाजिक तत्वहरुले बेलाबखत समस्या सृजना गरेको देखिन्छ । नेपालमा सबै जात, धर्म, लिंग, भाषाको सम्मान गर्ने बाध्यात्मक व्यवस्था संविधानमा नै छ । एकले अर्काको धर्म, संस्कृति, भाषा, भेषभुषालाई सम्मान गर्नुपर्छ । धार्मिक, सांस्कृतिक कारणले एउटा समुदाय अर्को समुदायसित विभेद गर्ने अथवा होच्याउने काम कदापि गर्न हुँदैन । कुनै पालिकामा कुनै समुदायको वर्चस्व हुन सक्छ । तर त्यसको उन्मादमा अल्पसंख्यक समुदायलाई दुःख दिन पाइँदैन । धार्मिक रुपमा गरिने विवादबाट कसैको भलो हुने छैन । समाजमा द्वन्द्व बढाउने कुनै जात, धर्मका हितैषी हुन सक्दैन । त्यस्ता मानिस असामाजिक र विकृत मानसिकताका हुन्छन् । समाजलाई धर्मको आधारमा विभाजन गरी आफ्नो निहित स्वार्थपूर्ति गर्न खोज्ने राष्ट्रद्रोही हुन् । हिंसाले कसैको भलो भएको इतिहास छैन । नेपालमै १७ हजार भन्दा बढीको हत्या गरिए पनि देशवासीले त्यसको पीडा बिर्सन सकेका छैनन् । नेपालीहरुबीचको मित्रताको बलियो बन्धनलाई क्षतविक्षत पार्ने खोज्नेहरुलाई राज्यले कडा कारबाही गर्नुपर्छ । उनीहरु कुनै जात, धर्मका हितैषी हुन सक्दैन । केही व्यक्तिको बदमासीको कारण आमनागरिक, व्यवसायी, सुरक्षाकर्मीहरुले पीडा भोग्नु परेको हो । दोषीलाई कारबाही गर्न ढिलाइ भए परिणाम सकारात्मक हुन सक्दैन । सुनसरीमा पहिलो दिनको घटनामा संलग्नहरुलाई तत्काल पक्राउ गरी कारबाही गरिएको भए शुक्रबारको घटना हुने सम्भावना न्यून हुने थियो । सुरक्षा निकायले घटनाको विषयमा जानकारी पाइसकेपछि पनि कारबाही प्रकृयालाई अगाडि बढाउन चाहेन् । त्यसको परिणाम शुक्रबार देखियो । अपराधीको कुनै जात र धर्म हुँदैन । उनीहरु समाज र राष्ट्र विरोधी हुन् । त्यस्तालाई कुनै प्रकारले छुट दिनु हुँदैन । मधेशमा यस्ता घटना दोहरिन थालेकाले प्रशासन अझ सजग र सचेत हुनुपर्छ । प्रशासनिक भूमिकाले नै यस प्रकारका घटनाहरु नियन्त्रण हुने अथवा बढ्ने सम्भावना हुन्छ ।

# इलेक्टोरल बाँन्डको भारतको चुनावमा असर




प्रभाषचन्द्र झा
वरिष्ठ पत्रकार

आउँदो दोश्रो सातामा भारतमा लोकसभाको पहिलो चरणको निर्वाचन हुनेछ । पाँच सय त्रिचालीस संसदीय क्षेत्रका लागि निर्वाचन आयोगले सात चरणमा निर्वाचनगर्ने तिथि सार्वजनिक गरेपछि चुनावी चहलपहलमा तीव्रता आएको हो । तेस्रोपटक पनि नरेन्द्र मोदी प्रधानमन्त्री बन्ने प्रवल सम्भावना छ । प्रतिपक्षी दलहरुले जसरीपनि मोदीलाई तेस्रोपटक प्रधानमन्त्री बन्न नदिने पक्षका दलहरु एक्यबद्ध भएर चुनावमा सहभागी भएका छन् । तर, विपक्षी दलको गठबन्धनमा पश्चिम बङ्गालकी मुख्यमन्त्री ममता बनर्जीले आफ्नो राज्यमा काँग्रेससँग सिटको लागि तालमेल गरेन् । २०१९मा राहुल गान्धी दक्षिणी केरलको वायनाडबाट साँसद बनेको थियो । २०२४को निर्वाचनको लागि गत बुधवार पुनः सो क्षेत्रबाट उम्मेदवारी दर्ता गराएका हुन् । गत, निर्वाचनमा कम्युनिष्ट पार्टीको समर्थन थियो भने यसपल्ट, कम्युनिष्ट पार्टी (सिपिआई)ले पनि उम्मेद्वार उठाएका छन् । मुश्लिम बहुल क्षेत्रबाट राहुलले चार लाखभन्दा बढी मत पाएर विजयी भएका थिए भने यसपल्ट, त्रिकोणात्मक टक्कर हुने सम्भावना छ ।

यसपल्ट, चुनावमा प्रतिपक्षी दल अर्थात, इन्डी गठबन्धनलाई अनौठो किसिमको चुनावी मुद्धा फेलापरेको छ । त्यो हो, 'इलेक्टोरल बाँन्ड' । सो बाँन्डको माध्यमबाट भाजपाले चुनावी चन्दाको नाममा अर्बौ रुपैयाँ सङ्कलन गरेको छ । कालो धनको उपयोग गरी मतदातालाई प्रभावमा पार्न सक्ने भनेर सो बाँन्डको विरोधमा प्रतिपक्षी दलहरु उत्रेका छन् । उद्योगपतिहरु विगतमा पनि दलहरुलाई चन्दा दिने गरेकै हो । तर, चन्दाको रकम पार्टीको खाताभन्दा बढी नेताहरुको खल्तिमा जान नदिने उद्देश्यले सो योजना ल्याएको देखिन्छ । इलेक्टोरल बाँन्ड लागू भएपछि चन्दादाताले सम्बन्धित बैङ्कमार्फत सिधैं पार्टीको खातामा चन्दा दिँदा पार्टीलाई फाईदा पुग्ने हुन्छ । इलेक्टोरल बाँन्ड खरिद गर्न विधिवत रुपमा कानुन निर्माण गरिएकाले यो बैद्य नै हो । यदि, उक्त बाँन्डबापत सरकारले सम्बन्धित पक्षलाई सरकार वा सम्बन्धित पार्टीले फाईदा पुऱ्याउने कार्य गर्‍यो भने एक किसिमले गैरकानुनी ठहरिन्छ ।

भारतमा करिव सातदसकसम्म शासनगर्ने भारतीय राष्ट्रिय काँग्रेससँग चुनाव लड्नका लागि व्यापाक रुपमा अर्थको अभाव भएको छ । दुईसाताअघि आयकर विभागले सो पार्टीको खाताबाट रकम झिक्नमा रोक लगाएपछि व्यापक रुपमा रकम अभाव भएकाले काँग्रेसभित्र हल्लीखल्ली मच्चिएको देखिन्छ । भारतीय राष्ट्रिय काँग्रेसको कोषाध्यक्ष अजय माकनले आयकर विभागले काँग्रेस र युथ काँग्रेसको खातामाथि रोक लगाएको उल्लेख गर्दै उनले चारवटा बैङ्कमा रहेको २१० करोड रुपैयाँको आयकर विभागद्वारा स्रोत खोज्दै रोक लगाइएको हो । चुनावमा आफ्नो जितलाई सुनिश्चित गर्नका लागि भाजपा नेतृत्वको सरकारले सरकारी सयन्त्रको दुरुपयोग गर्दै काँग्रेसको खातामा रोक लगाएको हो भनेर आक्रोस व्यक्त गरेका छन् ।

यसो हेर्दा, काँग्रेस पार्टी आर्थिक अभावले जेलिएको छ । कतिपय वरिष्ठ नेताहरु पार्टी छोडेर भाजपाका साथै अन्य दलमा प्रवेश गरेपछि काँग्रेसको अवस्था केही खस्किएको बुझिन्छ । अर्कोतर्फ, आम आदमी पार्टीका अध्यक्ष एवम् दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवाल दुई साताका लागि न्यायिक हिरासतमा तिहाड जेल पुगेका छन् । उनीमाथि मदिरा (रक्सी)को नीतिमा हेरफेर गरेपछि दिल्ली सरकारलाई राजस्वमा करौंडोको घाटा र रक्सी विक्री गर्ने ठिकेदारले बढी नाफा पुऱ्याएको आरोप छ । सो नीति निर्माणमा मुख्यमन्त्री केजरीवालको मुख्य भूमिका छ भनेर ईडीले पक्राउ गरी कारवाही शुरु गरेको हो । निर्वाचनको समयमा केजरीवाल कारागारमा पुगेकाले यतिखेर, आम आदमी पार्टीसहितका गठबन्धनका दलहरु मोदीको तानाशाही प्रवृति भनेर चुनावी प्रचारमा जुटेका छन् । केजरीवालको सरकारले दिल्लीको विकासमा अतुलनीय कार्य देखेर भाजपायीहरु त्रसित भएर झुठो मुद्धामा फसाएको भनेर मतदातालाई आकर्षित पार्न खोजेको देखिन्छ । उनीहरुले भाजपाको इशारामा प्रवर्तन निर्देशनालयले अनाहकमा प्रतिपक्षका कतिपय नेताहरुलाई सास्ती दिने गरेको गम्भीर आरोप लगाउँदै आइरहेको छ । सत्तारुढ भारतीय जनता पार्टीले आउँदो लोकसभा निर्वाचनमा दुई तिहाईभन्दा बढी ठाउँमा जित हातपार्ने भनेर व्यापक रुपमा चुनावी प्रचारप्रसारमा जुटेको छ । प्रधानमन्त्री मोदीले यसपल्ट, चारसयभन्दा बढी सिट जित्ने दावी गर्दै चुनावी प्रचारप्रसारमा होमिएका छन् । अर्कोतर्फ, प्रतिपक्षी दलहरु एकजुट भएर अधिकांस ठाउँमा भाजपाको उम्मेद्वारलाई चूनौंति दिन खोजेको छ । भाजपालाई बहुमतको अङ्कसम्म पुग्न नदिनका लागि हरसम्भव प्रयासमा लागिपरेको छ ।





### इलेक्टोरल बान्ड के हो ?

इलेक्टोरल बाँन्ड एक वचनपत्रजस्तै हो । जसलाई भारतको कुनै नागरिक वा कम्पनीले भारतीय स्टेट बैङ्क आँफ इन्डिया (एसबिआई)को निर्धारित शाखाबाट सो वचनपत्र खरिद गरेर आफूलाई मनपर्ने दललाई गोप्य ढङ्गले रकम प्रदान गर्न प्रक्रिया नै ' इलेक्टोरल बाँन्ड' हो । भारत सरकारले उक्त योजना २०१७ मा ल्याएको थियो । २९ जनवरी २०१८मा कानुनी ढङ्गले कार्यान्वयन गरेपछि विधिवत रुपमा शुरु गर्‍यो । यस योजनाको माध्यमबाट भारतीय स्टेट बैङ्कले राजनीतिक दलको लागि बाँन्ड जारी गर्छ । उक्त बाँन्ड खरिदकर्ताको एसबिआइमा खाता हुनुपर्ने र उनको सम्पूर्ण जानकारी केवाइसीमा उपलब्ध हुनु पर्दछ । सो योजनाको माध्यमबाट एसबिआईले निर्धारण गरेको शाखाबाट एक हजार, दस हजार, एक लाख, दल लाख र एक करोडको दरका बाँन्डहरु खरिद गर्न पाउँछन् । त्यो बाँन्ड खरिदपछि निर्वाचन आयोगमा दर्ता भएका आफूलाई मनपर्ने दललाई पन्द्रह दिनभित्र पठाइ सकिनुपर्छ । लोकसभा वा विधानसभाको गत निर्वाचनमा एक प्रतिशत मत कटाएका दललाई मात्र सो बाँन्डमार्फत रकम प्रदान गर्न पाउँछ । उक्त योजनातहत जनवरी, अप्रैल, जुलाई र अक्टुबर महिनाको १० दिनभित्र खरिदगर्ने समयावधि निर्धारण गर्ने गरिन्छ ।

भारत सरकारको उक्त योजनाले विवाद सृजना गरेको छ । चन्दा दाताको पहिचान गुप्त राख्ने विषय गोप्य राख्नु नहुने एक पक्षको अडान छ । पहिचान गोप्य राख्ने नीतिले विवाद उत्पन्न भयो । यस्तो अवस्थामा कालो धन राजनीतिक दलहरुको इलेक्टोरल बाँन्डमार्फत प्राप्त हुनेछ भनेर विरोध शुरु भएको छ । ठुल्ठूला उद्योगपति घरानाको पहिचानलाई गोप्य राख्नका लागि त्यस्तो बाँन्ड ल्याएको सरकारमाथि आरोप लागेको छ । उक्त योजनाको विरोधमा सन् २०१७ मा एशोसिएशन फाँर डेमोक्रेटिक रिफाँर्म्स र गैर-लाभकारी सङ्गठन काँमन काँजद्वारा संयुक्त रुपमा र २०१८मा भारतीय कम्युनिष्ट पार्टी (मार्क्सवादी)ले सर्वोच्च अदालतमा इलेक्टोरल बाँन्ड खारेज हुनुपर्ने लगायतका माग राखी मुद्धा दर्ता गऱ्यो । मुदा दर्ता गर्ने पक्षहरुले इलेक्टोरल बाँन्डमार्फत गोप्य ढङ्गले दान दिँदा सर्वसाधारण नागरिकले संविधानप्रदत जानकारी पाउने अधिकारको उल्लघन हो भनेर जोडदार ढङ्गले आवाज उठाएको देखिन्छ । राजनीतिक दलहरुलाई इलेक्टोरल बाँन्डमार्फत अज्ञात व्यक्तिले व्यापक रुपमा चन्दा दिँदा आउँदो दिनमा त्यस्ता व्यक्ति वा कम्पनीहरु अन्य क्षेत्रमा आर्थिक सहयोग गर्न नचाहने अवस्था सृजना हुने सम्भावनारहेको भन्दै उनीहरुले मुद्धा दर्ता गरी सर्वोच्च अदालतको ध्यानाकर्षण गराउन खोजेको थियो । यसरी अज्ञात व्यक्तिले विदेशबाट चन्दा दियो भने लोकतन्त्रमाथि पनि समेत असरपर्ने चिन्ता व्यक्त गरिएको थियो । यसका साथै, राजनीतिक चन्दा अपारदर्शी भएपछि दलहरुले त्यस्ता कम्पनीहरुलाई अनुचित लाभ पुऱ्याउने उनीहरु जाहेरीमा उल्लेख गरिएको थियो । इलेक्टोरल बाँन्डमार्फत रकम दिने व्यक्तिलाई अनुचित किसिमको लाभ उपलब्ध गराइएको छ कि छैन् भनेर कानुन विशेषज्ञहरुले निष्पक्ष जाँचको माग अघिसारेका छन् ।

### सर्वोच्चको निर्देशन

सर्वोच्च अदालतको मुख्य न्यायधीश डीवाई चन्द्रचूडले एसविआईलाई इलेक्टोरल बाँन्डसँग जोडिएका सवै जानकारी सार्वजनिक गर्न निर्देश गर्‍यो । सोअन्तर्गत, बाँन्ड खरिद गर्ने, बाँन्डको रकम र खरिद गरिएको मिती र सिरियल नम्बरसमेत सार्वजनिक गर्न भनिएको थियो । तर, एसविआईले सिरियल नम्बर र कोड सार्वजनिक नगर्दा मुख्य न्यायधीश चन्द्रचूडले असन्तुष्टि प्रकट गर्दै पुनः निर्देश जारी गर्‍यो । सोही कोडको माध्यमबाट निर्वाचनको लागि चन्दा दिने व्यक्ति वा संस्था र दलहरुबीचको सम्बन्धबारे जानकारी पाउन सकिन्छ । एसविआईले यूनिक अल्फान्यूमरिक कोड साझा गरेको रहेनछ । त्यो प्रत्येक इलेक्टोरल बाँन्डमाथि छापिएको हुन्छ, सोही कोडमार्फत दाता र दलहरुबीच सम्पर्क थाहा पाउन सकिन्छ । निर्वाचन आयोगको वेवसाइटमा कसले कति बाँन्ड खरिद गरिएको र कुन पार्टीले कति चन्दा पाएको विवरण उल्लेख गरेको छ । तर, कुन दाताले कुन पार्टीलाई कति रकम प्रदान गरेको सार्वजनिक नगर्दा सर्वोच्चको सो विषयमा ध्यानाकर्षण भयो । एसविआईले सार्वजनिक गरेको तथ्याङ्कको आधारमा एक अप्रिल २०१९देखि १५ फरवरी २०२४ सम्मको अवधिमा १२ हजार १५६ करोड रुपैयाँ चन्दाको नाममा आएको विवरण छ । सवैभन्दा बढी चन्दा भाजपाले पाएको छ । सो पार्टीलाई ६ हजार ६० करोड रुपैयाँ प्राप्त भएको छ भने दोश्रो स्थानमा तृणमूल काँग्रेसलाई एक हजार ६०९ करोड, भारतीय राष्ट्रिय काँग्रेसलाई एक हजार ४२१ करोड रुपैयाँ चन्दाबापत रकम प्राप्त भएको हो । सर्वोच्च अदालतले इलेक्टोरल बाँन्डको सन्दर्भमा जारी आदेशले भाजपालाई भस्काएको छ । कुन दललाई कुन व्यक्ति वा संस्थाले चन्दाबापत रकम प्रदान गरेको नाम सार्वजनिक गर्न सर्वोच्चको आदेशले दलहरु अलमलमा परेको देखिन्छ । अहिले भाजपा सत्तामा रहेको कारणले सवैभन्दा बढी चन्दा पाउनु सामान्य भएपनि पश्चिम बङ्गालको क्षेत्रीय पार्टी तृणमूल काँग्रेसले राष्ट्रिय पार्टी काँग्रेसभन्दा बढी चन्दा पाएको विषयले कतिपयलाई आश्चर्यचकित पारेको छ ।

जहिँलेपनि पारदर्शिता र स्वच्छचारिताको लागि आवाज उठाउँदै आएको भाजपाको अडानमाथि प्रश्न उठेको छ । इलेक्टोरल बाँन्डमार्फत उच्च व्यापारिक घरानाबाट काम गराएबापत चन्दाभनेर रकम लिनु एक किसिमको घुसनै लिएको जस्तो देखिन्छ । सन् २०१९मा सर्वोच्च अदालतसमक्ष एक मुद्धामा निर्वाचन आयोगले इलेक्टोरल बाँन्डले राजनीतिक दलले पाउने चन्दाको पारदर्शितालाई खत्म गरिदिनेछ । भारतीय राजनीति प्रभावित हुनेछ र विदेशी संस्थाहरुलाई आमन्त्रित गरिएको जस्तो बुझिन्छ । प्रमुख कानुनहरुलाई संशोधनको कारणले शेल कम्पनीहरु खुल्ने र उद्योगपतिहरुको दलहरुलाई चन्दा दिने एकमात्र उद्देश्य स्थापित हुनेछ ।

ईलेक्टोरल बाँन्डमार्फत चन्दा पाउँदा कसले, कहिँले, कुन दललाई दिएको विषय सार्वजनिक नहुँदा त्यो आरोपभित्र अलिकति भएपनि सत्यता देखिन्छ । चन्दादाताको नाम गोप्य राखिएकै कारणले सर्वोच्चमा मुद्धापरेको थियो । सर्वोच्च अदालतपछि भाजपाको छविमा धक्का लागेको छ । तर, चुनावमा यसको प्रभावपार्नमा प्रतिपक्ष दलले कुन ढङ्गले आवाज उठाउँछ, त्यसआधारमा मूल्याङ्कन गर्न सकिन्छ । राजनीतिक दलहरुले निर्वाचनका लागि उद्योगपति, संस्था वा अन्य व्यक्तिहरुबाट चन्दा लिँदा त्यो गोप्य रहन्थ्यो । अब, चन्दा दाताले स्टेट बैङ्क आँफ इन्डिया (एबीआई)मार्फत चन्दा दिँदा पारदर्शी हुने उद्देश्य राखेर नरेन्द्र मोदीको सरकारले इलेक्टोरल बाँन्डको नीति ल्याएको भाजपायीहरुको धारणा छ ।

नेपालमा पनि राजनीतिक दलहरु निर्वाचनको बेलामा चन्दा लिने गर्छन् । कमसेकम कुन दलले कुन उद्योगपति, व्यापारीसँग कति चन्दा लिएको भनेर सार्वजनिक हुनुपर्छ । निर्वाचनसम्पन्न हुनासाथ निर्माण सामाग्रीको अप्रत्यासित रुपमा मूल्य बृद्धि हुने गरिन्छ । बास्तवमा, चुनाव लड्नका लागि कार्यकर्ताहरुबाट चन्दा उठाउनुपर्ने हो । त्यसो हुँदा बजारको मूल्य नियन्त्रणमा रहनेछ ।

'इतिश्री'

# अलबिदा रमजान !



हदीस खुद्दार

मुस्लिम समुदायको पवित्र महिना रमजान अव सकिन लागेको छ । शुक्रवार मात्रै नेपालसहित संसारभरिका मुस्लिम समुदायले जुमातुल बिदाइ अर्थात् अलबिदा जुम्माको नमाज पढेका छन् । अलबिदा जुम्मा भनेको रमजानको अन्तिम जुम्मालाई बुझिन्छ । इस्लाममा शुक्रबारको दिनलाई जुम्मा भनिन्छ । मुस्लिम समुदायकालागि 'जुम्मा'दिन धेरै महत्व राख्छ । मुस्लिम समुदायकालागि जुमा दिन मात्र नभई जुमा अल्लाहको प्रार्थना गर्ने दिन पनि हो ।

जुम्माकै दिन मुस्लिम समुदाय मस्जिदमा गएर सामूहिक रूपमा नमाज पढ्ने गर्छन् । इस्लाम धर्मको पवित्र धर्म ग्रन्थ कुरान शरीफमा अल्लाहले जुम्माकै दिन पहिलो मानवको रूपमा आदम अलैही सलामलाई जन्म दियो र जुम्माकै दिन उनलाई पृथ्वीमा पठायो ।

त्यसैगरी, जुमाकै दिन कयामत आउने इस्लाम धर्म ग्रन्थमा उल्लेख भएकाले जुम्मा मुस्लिम समुदायकालागि विशेष महत्व राख्छ । यस्तो पवित्र महिना मानिएको रमजानको अन्तिम जुम्माको अझ विशेष महत्व दिईन्छ । अलबिदा जुम्माको नमाजलाई इर्दको निशानी भन्ने चलन छ । अलबिदा जुम्माको नमाजमा मुस्लिम समुदाय इर्द जस्तै नयाँ नयाँ लुगा लगाएर मस्जिदमा नमाज पढ्न जान्छन् ।

गत फागुन २८ मा सुरु भएको रमजान सकिन लागेको छ । नेपालसहित भारत, बंगलादेश, पाकिस्तान, अफगानिस्तान सहितका मुस्लिम समुदायले शनिवार सम्म २६ वटा पुरा भएको छ । भने खाडी मुलुकहरुमा एक दिन अघि देखि रोजा बस्ने भएकोले त्यहाँ बस्ने मुस्लिम सामुदायको आज २७ वटा रोजा पुरा भएको छ । रमजानमा ३० रोज बस्नुपर्ने हुन्छ । त्यसपछि ईदुलफ्रित ईद पर्व मनाइन्छ ।

ईद पर्व आउने अब केही दिन मात्र बाँकी रहेको अवस्थामा बजारमा मुस्लिम समुदायको चहलपहल बढेको छ । नयाँ लुगा कपडादेखि इदमा विभिन्न परिकारहरू पकाउने समानहरूको जोहो गर्न मुस्लिमहरू नजिकका बजारहरूमा किनमेल गर्ने गरेका छन् ।

इस्लामिक महिना सवाण समाप्त भई रमजान सुरु हुन्छ । इस्लाम धर्मका पाँचवटा अधार स्तम्भ इमान, नवाज, रोजा, जकात, हजमध्ये रोजा तेस्रो नम्बरको हो । रमजान महिनामा प्रत्येक वालिग मुस्लिम महिला तथा पुरुष दुवैलाई अनिर्वाय रूपमा रोजा बस्नुपर्छ । रोजा धनी गरिब सबैमाथि अनिर्वाय छ, यसमा कुनै भेदभाव हुँदैन ।

दिनभरि मजदुरी गर्ने होस् वा काममा व्यस्त रहने किन नहोस्, सबैमाथि रोजा उत्तिकै अनिर्वाय गरिएको छ । रोजा (व्रत) बस्नेले दिनभरि केही नखाई, भोकै बस्छन् र साँझतिर अर्थात् सूर्यास्त भएपछि मात्र विभिन्न प्रकारका फलफूलले रोजा खोल्ने गर्छन् ।

रोजा बस्नेले शारीरिक संभोग, झुटो बोलिने लगायत कार्यबाट टाढै रही पाकसाफ, सफा सुग्घर भई कम्तीमा दैनिक पाँचचोटि नमाज र विशेष प्रार्थना स्वरूप राति तराबी पढ्ने गर्छन् । सूर्य उदाउनु अघि 'सेहरी' खाएर दिनभरि उपवास अर्थात् रोजा बस्ने मुस्लिमहरू सूर्य अस्ताएपछि मात्र खानपिन गर्छन् । इस्लामिक धर्मग्रन्थका अनुसार रोजा दुई हिजरी सवाण (महिना)को १० तारिख देखि मुस्लिम समुदायमाथि अनिर्वाय गरिएको छ ।

इस्लामिक क्यालेन्डर अनुसार अहिले १४०० सय हिजरी चलिरहेको छ । इस्लामिक क्यालेन्डरको १२औं महिना मध्ये रमजान नवौं महिनाको रूपमा रहेको छ ।

प्रत्येकदिन बिहान ५ बजे फजर, दिउँसो १ बजे जोहर, बेलुका ४ बजे असर, साँझ रोजा खोले लगत्तै मगरिब र त्यसपछि राती ८ वजे पश्चात इशाको नमाज पढिन्छ । त्यसैगरी, रमजानमा विशेष नमाजको रूपमा तरावीहको नमाज पढिन्छ । तरावीहको नमाजको कुरान सरीफ कण्ठ गरेका हाफिजे कुरान अर्थात कुरान कण्ठ गरेका धार्मिक गुरुले कुरान सरीफको उच्चारण गरि नमाज पढाउने गर्छन ।

त्यसैगरि, रमजान महिना भरिमा ५ वटा राती यस्तो हुन्छ जसलाई सबे कदरको राती भनिन्छ । रमजान महिनाकै सबेकदरकै राति पवित्र कुरान सरीफ नाजिल अर्थात आकाशबाट अवतरित भएको मानिन्छ ।

९२ किलोमिटर दूरी बराबरको यात्रा गर्दा, महिला महिनावारीको अवस्था हुँदा वा अन्य अवस्थामा रोजा छोड्न सकिने प्रावधान रहे पनि पछि त्रृणको रूपमा रोजा राख्नुपर्ने किंवदन्ती रहेको मुस्लिम धार्मिक गुरुहरूको भनाइ छ । पवित्र कुरान शरीफको दोस्रो परामा भनिएको छ, 'ऐ इमानबला



तिमीमाथि रोजा अनिर्वाय गरिएको छ, जस्तो कि तिम्रा अग्रजहरूमाथि अनिवार्य गरिएको थियो, जसलाई तिमीले पनि अपनाउनुपर्ने हुन्छ ।' त्यसैले जनकपुरधाम १ स्थित मदरसा दारुल उलुम नुरी बरकातीका मोफ्ती मो. असरफ रजा बरकातीले भने, 'संसारका चारवटा अकाश्यी पुस्तकहरू तोरेत, जबुर, इजिल्ल (बाइवल) र कुरान शरीफ रमजानमै अवतरित भएका हुन् ।'

रमजानकै २७ तारिखका दिन इस्लाम धर्मका सबभन्दा ठूला ग्रन्थ पवित्र कुरान शरीफ नाजिल (अवतरित) भएको हो । त्यसैले यो महिना मुस्लिम समुदायकालागि विशेष महत्व राखेको उनको भनाइ छ । उनले अगाडि भने, 'संसारको आवश्यकता अनुसार अल्लाहले एक-एक पराको रूपमा ज्ञान पठाइरहँदा २३ वर्षपछि मात्र पवित्र कुरआनले पूर्णता पाएको थियो ।''यो महिनाभरि नै जन्नत (स्वर्ग) का सातवटै ढोका खुल्ला रहन्छन् भने जहन्नम (नरक) का सबै ढोका बन्द रहन्छ,' उनले भने । रोजा आत्म शुद्धि, त्याग र धैर्यताको प्रतीक रहेको मुस्लिम आयोगका सदस्य तथा प्रवक्ता अर्शद मिर्जा बेग बताउँछन् ।

रमजान महिनाभरि लगातार ३० दिन गरिने रोजालाई तीन पाटाहरू छन् । सुरुको १० दिनलाई 'रहमत' भनिन्छ । जसमा अल्लाहले विशेष कृपा गर्छन् भन्ने विश्वास रहि आएको छ । त्यस्तै, बीचका १० दिनलाई बरकत अर्थात् लाभ, समृद्धि उन्नतिका रूपमा लिइन्छ । यी १० दिनमा अल्लाहले आफ्ना भक्तजनको प्रर्थानाले खुसी भई भक्तजनको कारोबारमा समृद्धि, उन्नति प्रदान गर्छ भन्ने विश्वास छ ।

त्यसैगरी, अन्तिम १० दिनलाई मगफिरत अर्थात् अल्लाहसँग मुक्ति तथा मृत्युपश्चात् जन्नत (स्वर्ग)का लागि प्रार्थना गर्ने अवसरको रूपमा लिइन्छ । मानव जातिलाई अल्लाहले जहन्नम (नरक)बाट मुक्ति दिई जन्नत (स्वर्ग) प्रवेश गराउँछन् भन्ने इस्लामका विभिन्न धार्मिक ग्रन्थमा उल्लेख छ ।त्यस कारण मुस्लिमहरू रमजान तथा रोजाका नियमहरूलाई विशेष पालनगर्ने गर्छन् । रमजानमा कसैलाई एक रुपैयाँ दान गर्दा ७० रुपैयाँ बराबरको सवाव (पुण्य) प्राप्तहुने जनविश्वास रहेको मोफ्ति रजाकले बताए ।

एक नफिल नमाज पढ्दा एक फर्ज र एक फर्ज नमाज पढ्दा ७० फर्ज नमाज पढे बराबरको पुण्य प्राप्त हुने किंवदन्ती रहेको छ । यसै महिनामा साढे सात तोला सुन वा साढे ५२ तोला चाँदी तथा त्यतिनै बराबरको सम्पत्ति भएको खण्डमा अनिर्वाय रूपमा जकात अर्थात् दान गर्नका लागि साढे दुई प्रतिशतका दरले रकम निकाल्नुपर्ने हुन्छ । यसले गरिब र अशक्तहरूका लागि केही गरौं भन्ने सन्देश दिएको छ ।

यसरी गरिब तथा असहायलाई अनिवार्य रूपमा सहयोग गर्नुपर्ने नियम मानव जातिकालागि उत्तम रहेको प्रवक्ता बेग तर्क गर्छन् । 'कसैलाई सित्तैंमा एक सुको दिन हिचकिचाउने समान्यतया मानविय प्रवृत्ति रहेको छ , तर इस्लाममा यस्तो प्रवृत्तिको कहीं स्थान छैन,'प्रवक्ता बेग अगाडी भन्छन्,' जकात (दान)कालागि प्रत्येक साल निकालिने रकम गरिब,विपन्न,असहायहरूमा खर्च गर्नु पर्ने प्रवधान छ ।

'रोजा मार्फत अरुको भोकको अनुभव गर्न सकिन्छ, उनी भन्छन, 'भोकै बस्नुपर्ने बाध्यता भएका गरिबहरूलाई आफ्नो कमाइको केही अंश सहयोग गरेर मानवीय सहयोग, समाज कल्याण तथा न्यायको कार्यमा लाग्न रमजानले प्रोत्साहित गर्छ ।'

रमजान महिनाभरि विशेष रूपमा अल्लाहप्रति समर्पित मुस्लिमहरू अल्लाहको डर तथा नैतिकताको घेराभित्र मनलाई राखेर धार्मिक तथा समाजलाई भलो हुने काममा तल्लीन हुन्छन् । आपराधिक, अश्लील तथा समाजलाई अहित हुने कार्यहरू यो महिनामा मुस्लिमबाट हुँदैन । तर, अपराधीको कुनै जात हुँदैन, अपराधीहरू जात, धर्म, कानुन भन्दा बाहिर हुन्छन् ।

रमजानको यो विशेषताले सामाजिक विकृति न्यूनीकरण, कानुनी राज्यको सम्मान, सामाजिक विकासमा अग्रता, अपराध नियन्त्रणमा व्यापक सहयोग पुग्ने विश्वास गर्न सकिन्छ । एक महिनासम्म रोजा बसेपछि मात्र इदुलफित्र अर्थात् इर्द पर्व मनाइन्छ ।

इर्दको नमाज पढ्नु भन्दापूर्व रोजामा भएको त्रुटी वा रोजालाई शुद्धीकरणका लागि प्रतिव्यक्ति २ किलो ४५ ग्राम गहुँ वा त्यति बराबरको रकम परिवारका सबै सदस्यहरूले अनिर्वाय रूपमा मदरसा तथा गरिबमा दान गर्नुपर्छ । यस्तो परम्पराले निश्चित रूपमा समाजमा राम्रो सन्देश दिएको हुनुपर्छ । सबै धर्ममा यस्ता राम्रापक्ष हुन्छन् । त्यस कारण धर्महरूका राम्रा पक्षलाई जगेर्ना र त्यसको विकासकालागि पहल गर्नु आजको आवश्यकता हो ।

# ‘स्वास्थ्य बीमाको अवधारणा बुझाउन नसक्दा नागरिकले फायदा लिन सकेन’

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले स्वास्थ्य बीमाको अवधारणा सम्झाउन नसक्दा आमनागरिकले फायदा लिनबाट बंचित बनेको बताएका छन् ।



परिवर्तन नेपाल अभियानले शनिबार आयोजना गरेको निःशुल्क स्वास्थ्य शिविर कार्यक्रममा उनले विसं २०७३ मा तयार पारिएको स्वास्थ्य बीमा कार्यक्रमको अवधारणा आम नागरिक र सरकारलाई बुझाउन नसकिएको बताएका हुन् । उनले स्वास्थ्य बीमाको कार्यक्रम सरकार र आम जनतालाई बुझाउन नसक्दा उपचारकै निमित्त आम नागरिक घरबारविहीन हुने अवस्था सिर्जना भएको बताउदै विदेशमा दुःख गरेर कमाएको रकम घरपरिवारकोस्वास्थ्योपचारमा खर्च गर्नुपर्ने अवस्था आएको बताए ।

पूर्व स्वास्थ्यमन्त्री समेत रहेका थापाले स्वास्थ्य बीमा अभियान सबै नेपालीलाई अनिवार्य गर्ने र कुनै रोग लागेमा त्यसैबाट खर्च गर्ने व्यवस्था मिलाउनुपर्ने उल्लेख गरे । घातक रोग लागेपछि उपचार गराउनकै लागि नागरिकले सबै सम्पत्ति गुमाउनुपर्ने अवस्था रोकिनुपर्ने उनको भनाइ थियो । नेपाली कांग्रेस काठमाडौँका सभापति कृष्ण सबुज बानियाँले स्वास्थ्य शिविर गाउँगाउँसम्म लैजान आवश्यक रहेको बताए । उनले जनतामा स्वास्थ्यसम्बन्धी चेतना फैलाउनु जरुरी रहेको उल्लेख गरे ।

परिवर्तन अभियान नेपालका अध्यक्ष सुशील भट्टले अभियानले विभिन्न सामाजिक क्षेत्रमा काम गरिरहेको उल्लेख गर्नुभयो । सो अवसरमा तारकेश्वर नगरपालिकाकी उपप्रमुख सिर्जना बुर्लाकोटी अर्याल, काठमाडौं महानगरपालिका वडा नं २६ का वडाध्यक्ष ख्यामराज तिवारीलगायतको सहभागिता रहेको थियो ।

# कांग्रेसलाई बलियो बनाउनुपर्ने अवस्था छ : देउवा

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले नेपाली कांग्रेसलाई मजवुत बनाउन सबैलाई एकजुट हुनुको अर्को विकल्प नरहेको बताएका छन् ।

शनिबार काठमाडौं निर्वाचन क्षेत्र नं २ मा पार्टीको क्षेत्रीय सम्मेलन तथा सांस्कृतिक कार्यक्रम उद्घाटन गर्दै उनले पार्टीलाई बलियो बनाउन सबै एकजुट हुनुपर्ने बताएका हुन् । उनले आगामी निर्वाचनमा पार्टीले बहुमत ल्याउने गरी तयारी गर्न र त्यसतर्फ एकजुट भइ लाग्न नेता तथा कार्यकर्तालाई निर्देशन दिए ।

सभापति देउवाले आगामी निर्वाचनमा कांग्रेसले बहुमत ल्याउने गरी काम गर्नु पर्ने आवश्यकता रहेको बताउदै आपसी समझदारी र समन्वय कायम गर्दै अघि बढ्न जरुरी रहेकोले घात अर्न्तघात नगरी पार्टी निर्माणमा सबै एकजुट हुन उनले आग्रह गरे ।

कार्यक्रममा पार्टीका प्रवक्ता तथा पूर्वअर्थमन्त्री डा प्रकाशशरण महतले नेपाली कांग्रेसले स्थिरताको बाटो खोज्नुपर्ने समय आएको बताए । उनले नेपाली कांग्रेसकै अगुवाइमा जनता र देशप्रति समर्पित भइ काम गर्नका लागि स्थिरता र विकासको बोटो खोज्नु आवश्यक रहेकोले आर्थिक वृद्धिसहित समानतामुलक समाज निर्माण गर्ने हाम्रो सङ्कल्पलाई अगाडी बढाउनुपर्ने समय आएको बताए ।

# युवापुस्तामा सकारात्मक भावना जाग्रित गर्नुछः प्रधानमन्त्री

लुम्बिनी । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले युवा पुस्तामा देखिएको उग्र निराशा र नकारात्मकतालाई सुधार गर्दै नेपालमा केही हुन्छ भन्ने विश्वास जगाउनुपर्ने बताउनुभएको छ ।



विराट चक्र विज्ञान एवं लुम्बिनी आध्यात्मिक जागरण उत्सवका अवसरमा शनिबार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले युवा जनशक्तिको वैदेशिक पलायनलाई रोक्नुपर्नेमा जोड दिनुभएको हो ।“राष्ट्रप्रेम र राज्यप्रति युवापुस्तामा देखिएको अविश्वास, उग्र निराशा तथा नकारात्मकताजस्ता समस्यालाई बेलैमा सुधार गर्दै नेपालमै केही गर्न सकिन्छ र गर्नुपर्छ भन्ने भाव जगाउनु छ”, प्रधानमन्त्री प्रचण्डले भन्नुभयो, “गर्न खोजे नेपालमा सम्भव छ भन्ने आशा र विश्वास जगाएर एक सय वर्षमा एकपटक प्राप्त हुने युवा जनशक्तिको बाहुल्यताको लाभ नेपालको विकासमा लगाउनु छ, यसका लागि नवीनता र सकारात्मकता सोच ल्याउन अपरिहार्य भैसकेको छ ।”

जबसम्म व्यक्तिले आफूभित्रका ऊर्जालाई चिनेर व्यवस्थित प्रयोग गर्न जान्दैन तबसम्म उसले खोजेको स्वस्थ शरीर, शान्त मन, ऊर्जाशील र सकारात्मक भाव, आनन्द र चौतर्फी समृद्धि हासिल गर्न नसकिने प्रधानमन्त्री प्रचण्डले उल्लेख गर्नुभयो ।

उहाँले आध्यात्मिक जागरण र साधनाबिना बाहिरी रूपमा व्यक्तिले जतिसुकै प्रगति गरेपनि भित्रबाट व्यक्ति अशान्त र अतृप्त नै रहने बताउनुभयो ।“भित्रबाट अशान्त र अतृप्त व्यक्तिबाट आफ्नो हित र समाज एवं राष्ट्रको हित हुने कर्म गर्न सम्भव हुँदैन,” प्रधानमन्त्री प्रचण्डले भन्नुभयो, “त्यसैले आफूभित्रबाटै प्रसन्न, शान्त, सहृदयी, आत्मविश्वासी, सुखी, ज्ञानी, दृढसङ्कल्पित र आनन्दित जनशक्तिको विकास गर्नु आजको प्रमुख आवश्यकता हो ।”

आनन्दित र दृढ विश्वास भएको व्यक्ति रहनका लागि हरेकमा आध्यात्मिक जागरण ल्याउन आवश्यक रहेको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले विज्ञानसम्मत प्रयोगात्मक साधनालाई हरेक व्यक्तिको जीवनशैली बनाउन प्रतिबद्ध भएर लाग्नुपर्नेमा जोड दिनुभयो ।

“यो शताब्दीमा मात्रै ८० वर्ष लामो राजनीतिक सङ्क्रमण, जनयुद्ध, भूकम्प, नाकाबन्दी, कोभिड-१९ लगायतका दर्जनौं समस्या बेहोरिसक्यौँ”, प्रधानमन्त्री प्रचण्डले भन्नुभयो । आफ्नो नेतृत्वमा राजनीतिक संरचना र दिशा परिवर्तन गर्ने सशस्त्र क्रान्ति पनि सम्पन्न भएको उल्लेख गर्दै उहाँले त्यही क्रान्तिको फलस्वरुप लोकतान्त्रिक संविधान जारी गर्न सकिएको बताउनुभयो ।

‘जीवन रुपान्तरणका लागि अर्को क्रान्ति आवश्यक’

प्रधानमन्त्री प्रचण्डले राजनीतिक पुनःसंरचनामा हामी सफल भएपछि अब प्रत्येक नागरिकको जीवन रुपान्तरणका लागि अर्को क्रान्ति गर्ने समय आएको आभास भएको बताउनुभएको छ ।

“मैले केही समय पहिला सम्राट अशोक बन्ने समय आएको भाव व्यक्त गरेको थिएँ, जुन मेरो अन्तरआत्माको आवाज थियो”, प्रधानमन्त्री प्रचण्डले भन्नुभयो, “मैले आध्यात्मिक रुपान्तरणको खाँचो रहेको महसूस गरेको छु, म यो भूमिबाट यसतर्फ जिम्मेवारी बोध भएको भावना व्यक्त गर्दछु ।”

नेपालीलाई पूर्ण रूपान्तरणको बाटोमा लगेर एउटा सबल, शान्तिप्रेमी र ऊर्जाशील नागरिक बनाउन सकिन्छ भन्ने आफूमा विश्वास रहेको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले यस्तो रूपान्तरणका लागि कुनै पुरातनवादी धार्मिक राज्यको रूपमा नभएर दीगो शान्ति, सुशासन र सुव्यवस्थालाई सुनिश्चित गर्ने कल्याणकारी वैज्ञानिक आध्यात्मिक राज्यको रूपमा हुनुपर्ने आफ्नो विश्वास रहेको स्पष्ट पार्नुभयो ।

“प्रत्येक व्यक्तिभित्र रहेका प्रतिभा, क्षमता र सम्भावनालाई कुनै पनि धर्म, सम्प्रदाय, जाति र वर्गको घेराभन्दा माथि उठेर आध्यात्मिक रूपान्तरणबाट मात्र यो सम्भव हुन्छ”, प्रधानमन्त्री प्रचण्डले भन्नुभयो, “अबको दशक प्रवेशसँगै नेपाल र नेपालीको समग्र हितका लागि वैज्ञानिक अध्यात्मको प्रणाली अवलम्बन गर्दै देशको स्वास्थ्य, कृषि, अर्थ, सुरक्षा, वाणिज्य र परराष्ट्रलाई अवधारणगत र संरचनागत सुधार गरी नेपाललाई विश्व अध्यात्मको राजधानी, आध्यात्मिक पर्यटनको केन्द्रका रूपमा विकास गर्न सकिन्छ ।

उहाँले देशको अन्तर्राष्ट्रिय छविमा व्यापक परिवर्तन ल्याउन र विश्व समुदाय माझ नेपाल शान्तिपूर्ण विश्वबन्धुत्वको पक्षमा रहेको सन्देश दिनका लागि सबैको सामुहिक प्रयास, प्रतिबद्धता र अठोट आवश्यक रहेको उल्लेख गर्नुभयो ।

उहाँले भगवान् गौतम बुद्धको जन्मस्थल लुम्बिनीबाट विश्वलाई नेपाल एउटा योगभूमि र तपोभूमि भएको र नेपालीहरू योगी र ध्यानी छन् भन्ने सन्देश दिँदै योग तथा आध्यात्मिक पर्यटनको हबको रूपमा नेपाललाई विकास गर्न यस्ता कार्यक्रमबाट सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।रासस

# प्राकृतिक स्रोतसाधनको सही उपयोग गर्नसके देशको विकास हुन्छः नागिना यादव

**काठमाण्डु** । संसदीय प्रणालीबारे विमर्श गर्दा विश्वमा रुपान्तरणकारी, सहभागितामूलक, प्रत्यक्षलगायत प्रणाली अभ्यासमा रहेका पाइन्छ । लोकतान्त्रिक रुपमा विवेचना गर्ने हो भने खासमा हुनुपर्ने चाहिँ रुपान्तरणकारी, सहभागितामूलक संसदीय प्रणाली हो । यद्यपि हाम्रो देशमा देखावटी (डमी) संसदीय प्रणाली हाबी भइरहेको छ । सरकारको बजेट र नीति तथा कार्यक्रम तयारी र पारितमा त्यहीक्रम चलेको छ । विभिन्न विधेयक तर्जुमामा पनि सरकार नै हाबी भएको छ । यो लोकतन्त्रको उच्चतम् अभ्यासभित्र पर्दैन । हामीले जनताका प्रतिनिधिलाई मर्यादासहित स्वायत्तता दिन सक्नुपर्छ । त्यसले हाम्रो संसदीय प्रणालीलाई बलियो बनाउँछ ।



कानुन निर्माणप्रतिको मुख्य दायित्व सांसदहरुको हो । हामीले इमान्दाररुपमा भन्नुपर्दा त्यसलाई सहीरुपमा पूरा गर्न सकेका छैनौं । हाम्रो पार्टी नेपाली काँग्रेस बहुदल र लोकतन्त्रमा विश्वास गर्ने एक पुरानो पार्टी भएकाले हामीले केही हदसम्म स्वतन्त्रता उपभोग गरेका छौं । तर कानुन निर्माणका समयमा हामी पनि पार्टीगत आधारमा चलेका हुन्छौं । महत्वपूर्ण सवालमा हामीले मन परे पनि नपरे पनि पार्टीले दिएको निर्देशन मान्नुपर्ने हुन्छ । त्यही भएर कतिपय अवस्थामा हामी सांसदहरु आलोचित हुन्छौं । कुनै राम्रो कानुन बनेन वा पार्टीले जनताका भावना नबुझी निर्देशन दिएमा त्यो विवादको विषय बन्न सक्छ । विवादै भए पनि पार्टीको ह्वीप जारी भइसकेपछि हामीले आफूलाई ठीक नलागे पनि त्यसमा सहमति दिनुपर्ने हुन्छ । यस प्रकारको कार्यशैलीमा परिवर्तन ल्याउन हामीले प्रयत्न गर्नुपर्छ ।

वास्तवमा सांसदहरुमा आपसमा हार्दिकता हुनुपर्छ । देश निर्माणका सन्दर्भमा सहयात्री दलहरुबीच मिलाप र सहकार्य हुनुपर्छ ।

मुख्यतः ठूला र एवं पुराना पार्टीहरु नेपाली काँग्रेस र नेकपा (एमाले)ले आपसी दोषारोपण नगरेर देश र जनताका लागि समस्या समाधनमा निकासको बाटो दिन सक्नुपर्छ ।

त्यसो हुनसके केही विकास, प्रगति र स्थिरतामा केही सकारात्मक योगदान हुन्छ । यहाँ त लोकप्रियता हासिल गर्ने ‘स्टन्टबाजी’ मात्रै देखिन्छ । खाली आरोप-प्रत्यारोप भएको छ । ठूलाठूला कुरा र लामालामा भाषण भएको छ, अनि समयको बर्बादी पनि भएको छ । भोट ब्याङ्क बढाउन स्टन्टबाजी गरिरहनु पर्दैन । जनताका बीचमा काम गरे पुग्छ । सरकार वा राजनीतिक दलले जनतालाई सेवा दिने, मुलुकमा कानुन र विधिको शासन दिनुपर्ने हो, त्यो हुन सकिरहेको छैन । आफ्ना स्वार्थमा हामी सीमित भएका छौं । यस प्रवृत्तिमा सुधार गर्नुपर्छ । हामी काँग्रेसभित्र अन्तरपार्टीमा सुधारका लागि अगाडि बढेका छौं । पार्टीभित्र महामन्त्रीसम्मका फरक मत प्रस्तुत भएका देखिरहनुभएकै छ । यसका आधारमा हाम्रो पार्टीमा आन्तरिक लोकतन्त्र अलि बलियो छ । हाम्रो पार्टीमा संसद्मा बोल्ने विषयमा सामान्यतः ह्वीप लाग्दैन, हामी स्वतन्त्र भएका बोलेका हुन्छौं, खाली महत्वपूर्ण विषय, विधेयक, विश्वासको मतदान आदि विषयमा मात्रै ह्वीप लागेको हुन्छ ।

मुलुकमा सुशासन कायम हुनुपर्छ । यस सवालमा म के भन्न चाहन्छु भने भ्रष्टाचार अन्त्यका लागि ठूलाठूला कुरा गरेर हुँदैन । कतिपय नेताहरुले त असल शासनको अर्थ नै नबुझेको जस्तो लाग्छ । सुशासन सुशासन भनेर स्टन्ट मात्रै गरेर हुँदैन । सरकारमै बस्ने र विवादित काम जारी राख्ने गर्नु हुँदैन । उच्च नैतिकता प्रदर्शन गर्न सक्नुपर्छ ।

मैले विश्वका विभिन्न मुलुकको भ्रमण पनि गरेकी छु । हाम्रो देशमा प्रचुर सम्भावना भएर पनि हामी पछाडि परेका छौं । हामीकहाँ किन विकास भएन ? नेताहरुमा दूरदृष्टि नभएको हो कि ? वा काम गर्ने ढङ्ग नभएर हो ? किन शिक्षामा सुधार भएन ? कक्षा १ मा भर्ना हुने विद्यार्थी कक्षा १० मा पुग्दा साढे तीन लाखले किन कक्षा छाड्छन् ? यस्ता प्रश्नको ठोस जवाफ खोज्नुपर्छ । विकसित मुलुकमा राजनीतिमा यति धेरै चासो हुँदैन । हाम्रोमा प्रत्येक घरमा राजनीतिप्रति आकर्षण छ, यो हुनु राम्रो होइन, यस्तो देख्दा मलाई डर लाग्छ । सबैले राजनीति गरेर उत्पादनमूलक काममा को लाग्ने ? अनि कामै नगरी खान खोजेपछि त्यो अनियमिततातिर उन्मुख हुँदै जान्छ । हामी वास्तविकतालाई स्वीकार्नुपर्छ । विदेशीको नक्कल गरेर मात्रै पनि हुँदैन । शिक्षाजस्ता विषयमा असल परम्परा नक्कल गर्न सकिन्छ तर हामी त भ्रष्टाचारमा नक्कल गरिरहेका छौं । जनताले यसबाट के सिक्ने ?

निर्वाचन प्रणालीमा सुधारको आवश्यकता औँल्याउने गरिएको छ । मौजुदा निर्वाचन कानुनमा पनि निर्वाचन खर्च निर्धारण गरिएको छ । वास्तविकरुपमा उम्मेदवारहरुको तोकिएभन्दा धेरै खर्च भएको छ । एक क्षेत्रमा निर्वाचन जित्न पाँचदेखि आठ करोड रुपैयाँ खर्च गरेका छन् उम्मेदवारहरुले । यसबारे गहिरो अध्ययन गर्न सक्नुपर्छ ।

नेपालीहरु इमान्दार, साहसी र कर्तव्यनिष्ठ हुन्छन् भनेर विश्वमा चिनिएका छन् । अहिले अस्थिरता, अनियमितता, विवाद आदिको परिचय थपिएको छ । राज्यको स्रोतसाधनको सही उपयोग गर्न नसकेका कारणले यस्तो अवस्था सिर्जना भएको हो । हाम्रो युवा जनशक्तिबाट जनसार्ि्यक लाभ हामीले लिन सकिरहेका छैनौं । त्यो लाभ विदेशीले लिइरहेका छन् । यो के कारणले यस्तो भयो भन्नेबारेमा अध्ययन गर्नुपर्ने छ । गरिबी हो कि ? पहुँचको अभाव हो कि ? या के भएको हो ? यो बुझ्नुपर्छ । नेताहरुले चाहेमा देश बन्छ । देश बन्न सबै प्रदेश बन्नुपर्छ । मलाई मधेस प्रदेशको खुब चिन्ता लाग्छ । यहाँ सुशासनको अभाव छ । संविधान प्रदत्त मौलिक हकको पालनामा कसैको ध्यान गएको छैन । मैले महोत्तरी र धनुषालगायत जिल्लामा धेरै दयनीय अवस्था देखेकी छु । हामी कहिले सुधारको बाटोमा अग्रसर हुने ? यो गम्भीर सवाल हो ।

म केवल सांसद हुँ । म कार्यकारी पदमा छैन । मैले जनताका आवाज संसद्मा उठाउने गरेकी छु । कानुनमा सम्बोधन गराउने भूमिकालाई पनि पालना गर्छु । कार्यकारी पदमा रहेका सबैले सक्रिय भएर देशको विकासका निम्ति आफूलाई केन्द्रित गर्नुपर्छ ।

नेपाली कांग्रेसका प्रतिनिधिसभा सदस्य एवं केन्द्रीय सदस्य नागिना यादव समानुपातिक प्रणालीतर्फको सांसद हुनुहुन्छ । अर्थशास्त्र विषयको अध्येता सांसद यादवको पारिवारिक पृष्ठभूमि राजनीति नै भए पनि उहाँ उच्च शिक्षा पूरा गरेपछि अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामा कामको अनुभव लिएर पछिल्लो समय सक्रिय राजनीतिमा आउनुभएको हो ।रासस

# कानुनको पालनाका लागि अप्ठयारो नहुन सुझाव संयन्त्र तयारी गरिने : कानुन मन्त्री

**टुडे समाचारदाता**

काठमाण्डु । कानुन, न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरीले कानुनको पालनाका लागि नागरिकलाई अप्ठयारो नहुन सुझाव संयन्त्र तयार पारिने बताएका छन् ।



शनिबार आयोजित नेपाल वितरक महासङ्घको १२औं वार्षिक साधारणसभा कार्यक्रममा बोल्दै मन्त्री गिरीले विद्यमान ऐन, नियम तथा कानुनमाथि सबै क्षेत्र तथा नागरिकको सुझाव समेट्नका लागि मन्त्रालयले ‘डिजिटल प्लेटफर्म’ निर्माण गर्न लागेको बताए ।

उनले देशभित्र भएका नागरिकले जुनसुकै पेसा व्यवसाय अँगाल्दा कुनै ऐन अथवा कानुनले समस्या पारेको भए त्यसलाई सहज बनाउन राज्यको दायित्व रहेको बताउदै कानुनी बाधाका कारण कसैलाई अवसर सृजना भएनन् र अप्ठ्यारो पारेकम छ भने सुझाव दिन मन्त्रालयले डिजिटल प्लेटफर्म बनाउन लागेको बताए । मन्त्री गिरीले विभिन्न क्षेत्रबाट आएका सुझाव वर्गीकरण गरेर विद्यमान कानुनमा संशोधन तथा नयाँ कानुन निर्माण गर्न सम्बन्धित मन्त्रालयसँग छलफल गर्ने जानकारि दिए ।

नेपाल वितरक महासङ्घका अध्यक्ष हरिराज पन्तले विभिन्न कम्पनीबाट उत्पादित तथा आयातीत वस्तुलाई उपभोक्तासम्म पुऱ्याउने काम वितरकले गरिरहेका भए पनि विद्यमान वाणिज्य ऐनमा यस सम्बन्धी व्यवस्था नरहेको बताए ।

“वितरकहरु विभिन्न ४२ जिल्लामा सङ्गठित नै भएर काम गरिरहेका छन् । नेपालको अर्थतन्त्रमा टेवा पुऱ्याउँदै आएको यो क्षेत्रलाई कानुनले भने चिन्दैन”, अध्यक्ष पन्तले भने, “विद्यमान वाणिज्य ऐनमा वितरकसम्बन्धी व्यवस्था नभएका कारण यो व्यवसायमा आबद्ध भएकाहरुले विभिन्न समस्या भोग्नु परेको छ ।

अवैधानिक भनेर जरिवाना तिर्नुपर्ने अवस्था छ । ढुवानीका सवारी साधन व्यवस्थापनमा उस्तै समस्या छ ।” यस क्षेत्रका व्यवसायीप्रति राज्यले हेर्ने नजर सकारात्मक नरहेको उनको गुनासो रहेको थियो ।


**Invitation for Bids**

**Laxminiya Rural Municipality**

**Office of Rural Municipal Executive**

**Laxminiya Bazar, Dhanusha**

**Date of publication: 07/04/2024**

1. Laxminiya Rural Municipality, Office of Rural Municipal Executive, Laxminiya Bazar, Dhanusha invites following electronic bid from eligible Nepalese bidders under National Competitive Bidding(NCB) Single-Stage: Two-Envelope Bidding Procedure.

| S.N | Contract ID No. and Description of Works | Bid Document Price (Non Refundable) | Last Date and Time of Bids Document Submission | Bid Opening Date | Bid Validity Period | Bid Security | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | Amount Nrs. | Validity Period |
| 1 | LAX/WORKS/03-2080/81 Laxminiya Mai Saundaryakaran | Nrs.5000 | 07th May 2024 (Within 12:00 hrs) | 07th May 2024 Within 13:00 hrs | 90 days From last date of bid submission | NRs 9,50,000 | 120 days From last date of bid submission |

3. Eligible bidders may obtain further information from PPMO's website www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**

# भूकम्पका कारण हिमाली क्षेत्रमा फसेका पर्यटकको उद्धार



**एएफपी**

हुलियान । विनाशकारी भूकम्पका कारण सडक तथा सुरुङ मार्ग अवरुद्ध भएपछि ताइवानको पहाडी तथा हिमाली क्षेत्रमा केही दिनदेखि अलपत्र परेका सयौं पर्यटक तथा सर्वसाधारणलाई हवाइ मार्गबाट उद्धार गर्न सुरू गरिएको छ ।

ताइवानी हेलिकप्टरले पर्यटकलाई सुरक्षित स्थानमा पुऱ्याउन शनिबार उडान भरेका छन् ।ताइवानमा बुधबार गएको ७.४ म्याग्निच्युडको भूकम्पमा परी कम्तीमा १० जनाको मृत्यु हुनुका साथै एक हजार १०० भन्दा बढी घाइते भएका छन् ।

भूकम्पका कारण ठूलो पहिरो खसेको थियो जसका कारण ताइवानको पूर्वपश्चिम राजमार्गको सुरुङ र घुमाउरो सडकको लामो खण्ड अवरुद्ध भएको थियो भने पहाडी भिरालो जमिनमा कोरिएका उत्तरदक्षिण क्षेत्रका तटीय मार्ग पनि अवरुद्ध भएका थिए ।

राजधानी ताइपेइबाट करिब १०० किलोमिटर दक्षिणमा रहेको हुलियानमा भूकम्पपछि शनिबार बिहान ५.२ म्याग्नीच्यूडसहितका ३०० भन्दा बढी पराकम्प गएका छन् ।तर नेसनल एयरबोर्न सर्भिसका हेलिकप्टरहरूले तारोको राष्ट्रिय निकुञ्ज नजिकैको प्रभावित क्षेत्रमा उद्धारका लागि उडान भरिरहेका छन् । एएफपीका एक कर्मचारीले एउटा विमानमा १२ जना र अर्को उडानमा १६ जना सवार रहेको देखेका थिए ।

ताइवानी समाचार संस्था ' इटी टुडे' का अनुसार वृद्धवृद्धा, कमजोर, महिला, बालबालिका र दीर्घरोग भएका व्यक्तिलाई उद्धारका क्रममा पहिलो प्राथमिकता दिइएको छ ।पहाडी क्षेत्रमा रहेको सिल्क्स प्लेस होटलबाट करिब ४०० भन्दा बढी पर्यटक र कर्मचारीहरू फसेका स्थानबाट उद्धार भएकाहरू सबै जना थकित देखिए पनि सबैले उद्धारका लागि खुशी व्यक्त गरेका छन् । उनीहरूले आफन्त तथा साथीहरू अझै माथिल्लो भागमा फसेको बताउँदै उनीहरूको उद्धारमा तदारूकता देखाउन आग्रह गरे ।

झोउ नाम गरेका एक पास्टरले स्थानीय सञ्चारमाध्यमसँग भन्नुभयो, "बुधबारको भूकम्प पछि पनि धेरै पराकम्पनहरू आएका र यसले उद्धारको पखाईमा पहाडी क्षेत्रमा रहेका पर्यटक तथा सर्वसाधारणलाई निकै निराश बनाएको बताउनुभयो । पराकम्प पनि निकै ठूला र भयानक महशुस गरिएको थियो । उहाँले भन्नुभयो, "म सुतिरहेको बेला भूकम्प आयो, म असाध्यै आत्तिएँ तर परमेश्वरको कृपाले गर्दा म आशावादी बने र आफ्नो डरलाई दूर गर्न सफल भएँ ।"

उद्धारकर्ताहरूले दुर्गम प्राथमिक विद्यालयका विद्यार्थी, शिक्षक र बासिन्दाहरूको समूहलाई खाना र आपूर्तिका बाकसहरू पनि हवाई मार्ग हुँदै ठाउँठाउँमा खसालेका थिए । अन्य क्षेत्रमा पनि इञ्जिनियरहरूले सडक र सुरुङको प्रवेशद्वारबाट ठूला ठूला ढुङ्गाहरू हटाउन चौबिसै घण्टा काम गरिरहेका स्थानीय सञ्चारमाध्यमले सरकारी अधिकारीलाई उद्धृत गरी उल्लेख गरेका छन् । ताइवानका नवनिर्वाचित उपराष्ट्रपति सियाओ बि-खिमले शुक्रबार भन्नुभयो, "उद्धारकर्ताहरूले हार मानेका छैनन् । रातदिन काम गरिरहेका छन् ।"

**राजधानी ताइपेइबाट करिब १०० किलोमिटर दक्षिणमा रहेको हुलियानमा भूकम्पपछि शनिबार बिहान ५.२ म्याग्नीच्यूडसहितका ३०० भन्दा बढी पराकम्प गएका छन् ।**

ताइवानमा सन् १९९९ मा गएको ७.६ म्याग्नीच्यूडको भूकम्पपछि बुधबारको भूकम्प सबैभन्दा शक्तिशाली भूकम्प हो । त्यस समय मृत्यु हुनेको संख्या निकै बढी थियो ।

सम्भवता ताइवानको इतिहासकै सबैभन्दा घातक प्राकृतिक प्रकोप थियो । उक्त भूकम्प र यसबाट सिर्जित प्रकोपका कारण करिब दुई हजार ४०० जनाको मृत्यु भएको थियो ।

भवन कोडहरूमा बढ्दो भूकम्पीय आवश्यकतासहित व्यापक सार्वजनिक प्रकोप जागरूकताले यस पटक अधिक गम्भीर विपत्तिबाट निकै कममात्र मानवीय क्षति भएको देखिन्छ ।भूकम्पजन्य प्रकोपबाट हुने क्षतिलाई कम गर्न बनेको राष्ट्रिय निकायले शुक्रबार सार्वजनिक गरेको प्रारम्भिक प्रतिवेदनमा भूकम्पका कारण ८४ वटा भवनमा ठूलो क्षति पुगेको उल्लेख छ ।

# लुम्बिनी अन्तर्राष्ट्रिय पिस म्याराथनमा नेपाली धावकको



**भैरहवा** । गौतमबुद्धको जन्मस्थल लुम्बिनीमा सम्पन्न भएको अन्तर्राष्ट्रिय पिस म्याराथनको सबै पुरस्कार नेपाली धावकले जितेका छन् । नेपाल, चीन, पाकिस्तान र श्रीलङ्काका धावकहरु सहभागी म्याराथनमा पुरुषतर्फको म्याराथनको उपाधि बाग्लुङका तीर्थ पुनले जित्नुभएको छ । पुनले निर्धारित ४२ दशमलव एक सय ९५ किलोमिटरको दूरी दुई घण्टा २० मिनेट ४९ सेकेन्डमा पार गर्दै स्वर्ण पदकसँगै नगद रु पाँच लाख प्राप्त गर्नुभयो ।

सोही दूरी दुई घण्टा २१ मिनेट ११ सेकेन्डमा पार गर्दै नेपाली सेनाका खड्कबहादुर खड्काले द्वितीय स्थान हासिल गर्नुभयो । उहाँले नगद रु तीन लाख पुरस्कार प्राप्त गर्नुभयो । कर्णालीका दुर्गाबहादुर बुढाले दुई घण्टा २२ मिनेट ४६ सेकेन्डमा दूरी पार गर्दै तृतीय स्थान प्राप्त गर्नुभयो । उहाँले रु दुई लाख प्राप्त गर्नुभयो । प्रतियोगितामा अनिस थापा चौथो (रु एक लाख हजार), किरण बोगटी पाँचौं (रु ८० हजार), सुशीलकुमार शाही छैटौं (रु ६० हजार), होमलाल श्रेष्ठ सातौं (रु ४० हजार), जुनेश खड्का आठौं (रु २० हजार), राजन चौधरी नवौं (रु १० हजार) र प्रकाश गैरेले दशौं स्थान (रु पाँच हजार) हासिल गर्नुभयो ।

अन्तर्राष्ट्रिय म्याराथनअन्तर्गत महिलातर्फको २१ किलोमिटरको हाफ म्याराथनको उपाधि सन्तोषी श्रेष्ठले जित्नुभएको छ। श्रेष्ठले निर्धारित उक्त दूरी एक घण्टा १८ मिनेट ४५ सेकेन्डमा पूरा गर्दै उपाधि जित्नुभएको हो । त्यस्तै, नेपाली सेनाको पूर्णराज्यलक्ष्मी न्यौपानेले एक घण्टा १९ मिनेट २१ सेकेन्डमा दूरी पार गर्दै दोस्रो स्थान र एपिएफकी पुष्पा भण्डारीले एक घण्टा २५ मिनेट १४ सेकेन्ड लिँदै तेस्रो स्थान हासिल गर्नुभयो ।

विजेता श्रेष्ठले रु दुई लाख, न्यौपानेले रु एक लाख ६० हजार तथा भण्डारीले रु एक लाख २० हजार नगद पुरस्कारसहित प्रमाणपत्र प्राप्त गर्नुभयो । पाँच किलोमिटरको विद्यालय छात्रातर्फ अरुणा चौधरी प्रथम, कुसुम ठगुना द्वितीय र भुमा चौधरी तृतीय हुन सफल हुनुभयो । छात्रतर्फ उमेश बरई प्रथम, सन्देश पाण्डे द्वितीय र आशिषकुमार क्षेत्रीले तृतीय स्थान हासिल गर्नुभयो । खुला पाँच किलोमिटर पुरुषतर्फ नागेश्वर ऐर प्रथम, अक्कलबहादुर पाल द्वितीय र गणेशसिंह राउत तृतीय हुनुभयो । पाँच किलोमिटर दौडको महिलातर्फ सिर्जना पाण्डे प्रथम, आशा राउत द्वितीय र निर्मला केसी तृतीय हुनुभएको थियो । पाँच किलोमिटरको सबै विधामा प्रथम, द्वितीय र तृतीय हुनेले क्रमशः जनही रु १५, रु १० र रु पाँच हजार पुरस्कार प्राप्त गर्नुभयो ।

नेपाल ओलम्पिक कमिटीले बुद्ध जन्मस्थलमा सामान्य वाकाथुन हुँदै सुरु गरेको लुम्बिनी अन्तर्राष्ट्रिय म्याराथन भविष्यमा विश्वकै उत्कृष्ट म्याराथन हुने कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठले बताउनुभयो । लुम्बिनीमा आयोजना भएको अन्तर्राष्ट्रिय म्याराथनको छुट्टै महत्व रहेको जनाउँदै खेलका माध्यमबाट पर्यटन एवं लुम्बिनीको प्रवर्द्धन हुने उहाँको भनाइ छ ।"यस पटकदेखि लुम्बिनी अन्तर्राष्ट्रिय शान्ति म्याराथनमा नेपाल ओलम्पिक कमिटीसँगै, नेपालस्थित चिनियाँ राजदूतावास, लुम्बिनी विकास कोष, नेपाल पर्यटन बोर्ड र लुम्बिनी प्रदेश खेलकुद परिषद्ले पनि हातेमालो गरेको हुँदा म्याराथनको गरीमासँगै प्रचार पनि भएको छ", श्रेष्ठले भन्नुभयो ।

लुम्बिनी स्क्वायरबाट सुरु भई भैरहवासम्म आएर पुनः लुम्बिनी स्क्वायरमा आएर दौड टुङ्गिएको थियो । लुम्बिनीबाट भैरहवा एसओएससम्म र त्यहाँबाट पुनः लुम्बिनी पुगेर टुङ्गिने गरी लुम्बिनी अन्तर्राष्ट्रिय शान्ति म्याराथनको रुट तय भएको थियो । ४२ दशमलव एक सय ९५ मिटर दूरीको म्याराथनको दूरी प्रमाणीकरणका लागि अन्तर्राष्ट्रिय संस्था एम्स (एसोसिएसन अफ इन्टरनेसनल म्याराथुन एन्ड डिस्टेन्स रेसेज) का प्रतिनिधि आएर मापन गरेको थियो ।

आइएएफ (इन्टरनेसनल एथलेटिक्स फोरम) र एम्सले संयुक्त रुपमा प्रमाणपत्र दिएपछि अन्तर्राष्ट्रिय म्याराथनको क्यालेन्डरमा सूचीकृत भएको छ । लुम्बिनी म्याराथन प्रमाणीकरण भएसँगै नेपालमा अन्तर्राष्ट्रियस्तरमा मान्यता पाएको चारवटा म्याराथन भएका छन् । यसअघि काठमाडौं म्याराथन, पोखरा म्याराथन र नेपालगञ्ज म्याराथनले अन्तर्राष्ट्रिय म्याराथनको मान्यता पाइसकेका छन् ।रासस

## अफगानिस्तानद्वारा पाकिस्तानलाई आप्रवासी समस्या समाधान गर्न आग्रह

**एएनआई**

काबुल । तालिबान सरकारका कार्यवाहक शरणार्थी तथा स्वदेश फिर्ता मामिला मन्त्रीले पाकिस्तानलाई अफगान आप्रवासीको मुद्दा द्विपक्षीय समझदारीसहित समाधान गर्न आग्रह गर्नुभएको छ ।

गत वर्षको नोभेम्बरदेखि पाँचलाख ३५ हजार अफगान आप्रवासीलाई निस्कासन गरेको पाकिस्तानले आगामी अप्रिल १० देखि अफगान आप्रवासीलाई फिर्ताहरूको निष्कासनको दोस्रो चरण सुरु गर्ने योजना बनाएको हो ।अफगान-तालिबान आप्रवासी मन्त्रालयका अनुसार मन्त्रालयका सहायक अब्दुल रहमान रशीदले बिहीबार काबुलमा पाकिस्तानी दूतावासका उपप्रमुख जुनैद वजिरीसँगको बैठकमा यस्तो आग्रह गर्नुभएको थियो । राशिदले पाकिस्तानका कूटनीतिज्ञलाई आप्रवासनसम्बन्धी निर्णय द्विपक्षीय र दुई राष्ट्रको आपसी सम्झौता अनुसार निर्णय गर्नुपर्ने जानकारी दिनुभएको छ ।

काबुलको विदेश मन्त्रालयमा आयोजित विभिन्न राष्ट्रका राजदूत र प्रतिनिधिहरू उपस्थित कार्यक्रममा तालिबानका उपप्रधानमन्त्री अब्दुल सलाम हनाफीले १० लाखभन्दा बढी अफगान आप्रवासीहरूलाई बलपुर्वक तथा स्वेच्छाले छिमेकी देशहरूबाट हटाइएको घोषणा गर्नुभयो ।यसै सन्दर्भमा एम्नेस्टी इन्टरनेसनलले स्वैच्छिक निर्णयले अन्तर्राष्ट्रिय मानव अधिकार कानुनको उल्लङ्घ हुने जिकिर गर्दै पाकिस्तानबाट अफगान आप्रवासीहरूलाई निष्कासन गर्ने योजना तत्काल रद्द गर्न आह्वान गरेको छ ।

अफगान शरणार्थीहरूको निष्कासन योजना, शरणार्थी अन्तर्राष्ट्रिय मानव अधिकार तथा शरणार्थी कानुन विपरित हुने पिडितहरूको भनाइ छ । उनीहरूका अनुसार तालिबान नियन्त्रित अफगानिस्तानमा निर्वासित भएमा अफगान शरणार्थीहरूलाई उत्पीडन, गम्भीर मानव अधिकार उल्लङ्घन पाकिस्तानी अधिकारीहरूले गरेको कठोर अवहेलना हृदयविदारक छ ।

# सुडानको भोकमरी विरुद्ध विश्व खाद्यकार्यक्रमको चेतावनी



**सिन्ह्वा**

खार्तूम ।संयुक्त राष्ट्रसङ्घीय विश्व खाद्य कार्यक्रम (डब्लुएफपी) ले सुडानका जनताले सबै सम्भावित मानवीय कोरिडोरमार्फत सहायताको निरन्तर प्रवाह प्राप्त नगरेमा भोकमरीको सङ्कट अझ बढ्न सक्ने चेतावनी दिएको छ ।

डब्लुएफपीका सुडानस्थित प्रतिनिधि एडी रोवले भन्नुभयो "यस्तो कमजोर अवस्थामा सुडानभरी भोकमरी कुपोषणको अकल्पनीय अवस्थाको सामना गर्नुपर्ने देखिएको छ ।"चाडबाट मानवीय कोरिडोरको अस्थायी रोक, चलिरहेको लडाइँ, मानवीय कार्गोका लागि लामो निकासी प्रक्रियालगायतका अवरोध र सुरक्षा खतराहरूले मानवतावादीलाई सुडानमा आधार भूत खाद्यान्नको आवश्यकता पूरा गर्न आवश्यक कार्यक्रम सञ्चालन गर्न असम्भव बनाएको उहाँले उल्लेख गर्नुभयो । रोवले खाना ढुवानीको लागि सबै कोरिडोरहरू खुला रहनु पर्ने बताउदै चाडको आड्रेदेखि पश्चिम डार्फर राज्यसम्म चरम भोकमरीको अवस्था रहेको बताउनुभयो ।

विश्व खाद्य कार्यक्रम र यसका साझेदारहरूलाई तत्काल सुरक्षा ग्यारेन्टी गरी डार्फर राज्यमा खाद्य आपूर्ति गर्नमा सहजता ल्याई अति समस्यामा परेका व्यक्तिलाई खाद्यान्न वितरण गर्न सकिने उहाँले बताउनुभयो । विश्व खाद्य कार्यक्रमले डार्फरमा अति आवश्यक खाद्यान्न र पोषण आपूर्ति कार्यक्रम पुऱ्याएको छ ।

उत्तर, पश्चिम र मध्य डार्फरमा तीव्र भोकमरीको सामना गरिरहेका करिब दुई लाख ५० हजार मानिसहरूका लागि खाना र पोषण सहायता बोकेका दुईवटा मालबहाक गाडी मार्चको अन्त्यमा चाडबाट डार्फरतर्फ सीमा पार गरेका थिए ।सुडानी बन्दरगाहका अधिकारीहरूले फेब्रुअरीमा चाडबाट मानवीय कोरिडोर अनुमति रद्द गरेपछि यी मार्गहरू पुनः खोली लामो वार्तापछि डार्फर पुग्ने विश्व खाद्य कार्यक्रम सहयोगको यो पहिलो सीमापार प्रयास हो ।

संयुक्त राष्ट्रसङ्घका अनुसार सुडानको आधा जनसङ्ख्या, लगभग दुई करोड ५० लाख मानिसहरूलाई मानवीय सहायता र सुरक्षा चाहिन्छ । लगभग एक करोड ८० लाख मानिसहरूले तीव्र खाद्य असुरक्षाको सामना गरिरहेका छन् ।

**रोवले खाना ढुवानीको लागि सबै कोरिडोरहरू खुला रहनु पर्ने बताउदै चाडको आड्रेदेखि पश्चिम डार्फर राज्यसम्म चरम भोकमरीको अवस्था रहेको बताउनुभयो ।**

सन् २०२३ अप्रिल १५ देखि सुडानी सशस्त्र बल र अर्धसैनिक बलहरूबीच हिंसात्मक टकरावको सामना सुडानले गरेको छ । यसको परिणामस्वरूप ६३ लाख आन्तरिकसहित लगभग ८१ लाख व्यक्तिहरू विस्थापित भएका छन् । मानवीय मामिला समन्वयका लागि संयुक्त राष्ट्रसङ्घीय कार्यालयले मार्चमा दिएको प्रतिवेदनमा द्वन्द्वले लगभग १३ हजार नौ सयको ज्यान लिएको जनाएको छ ।


।। हार्दिक श्रद्धाञ्जली ।।



जन्मः बि.सं.२०१९।०७।२६

स्व. डा. प्रवीण मिश्र

स्वर्गारोहणः बि.सं.२०८०।१२।१३

यस वित्तीय संस्थाका संस्थापक शेयरधनी, नेपालका बरिष्ठतम अर्थोडिन्टिष्ट, नेपाल सरकारका स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका पूर्व सचिव, अति मिलनसार, कर्मठ र प्रगतिशील **डा. प्रवीण मिश्र**को असमायिक देहावसान भएकोमा हामी स्तब्ध र अत्यन्त मर्माहत भएका छौं । दिवंगत आत्माको चीर शान्तिको लागि माता जानकीसँग प्रार्थना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै, यस दुखद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्य धारण गर्न सक्ने क्षमताप्रदान गर्न माताजानकीसँग प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

मल्टीपर्पस फाइनान्स लिमिटेड
Multipurpose Finance Limited
भरपर्दो वित्तीय सेवा

# आलुले चिनिएको हेम्जा



**गण्डकी**।पोखरामहानगरपालिका-२५ हेम्जा आलुका लागि प्रख्यात मानिन्छ । महानगरको कृषि महाशाखाका अनुसार हेम्जामा झन्डै तीन सय हेक्टरमा आलुखेती हुने गरेको छ ।

पाँच सय बढी किसानले व्यावसायिक आलुखेती गरिरहेका महाशाखा प्रमुख मनोहर कडरियाले जानकारी दिनुभयो । उहाँका अनुसार हेम्जामा वार्षिक चार हजार पाँच सय मेट्रिक टनभन्दा बढी आलु उत्पादन हुने गरेको छ । “वर्षमा झन्डै रु १० करोड बराबरको आलु उत्पादन हुन्छ”, कडरियाले भन्नुभयो, “हेम्जाको आलु देशमै ‘ ब्राण्ड’ बनिसकेको छ ।” महानगरको तथ्याङ्कअनुसार केही वर्षअघिसम्म हेम्जामा चार सय ५० हेक्टरमा आलुखेती हुने गरेकामा त्यो घटेर अहिले करिब तीन सय हेक्टरमा सीमित भएको हो ।

आलुखेतीका लागि हेम्जा उर्वर थलो रहेको भन्दै महाशाखा प्रमुख कडरियाले पछिल्लो समय घरघडेरी विस्तारले उब्जाउ जमिन नासिएकामा भने चिन्ता व्यक्त गर्नुभयो । उहाँका अनुसार राजमार्ग विस्तार, ठूला पूर्वाधार र तीव्र बजारीकरणका कारण हेम्जाको कृषियोग्य जमिन घट्दै गएको हो । हेम्जाको आलु बजारमा आउँदा पोखरामा बाहिरबाट आयात हुने झन्डै ५० प्रतिशतले घट्ने गरेको महाशाखा प्रमुख कडरियाले बताउनुभयो ।

महानगरका अन्य वडामा पनि व्यावसायिक आलु खेती प्रवर्द्धन गर्न सकिए पोखराको बजार मागलाई धान्न सकिने उहाँको भनाइ छ ।

यहाँ ‘एमएस-४२’, खुमल लक्ष्मी, जनकदेवलगायत जातका आलुबाली लगाउने गरिएको स्थानीय वसन्त श्रेष्ठले बताउनुभयो । किसानले कात्तिक/मङ्सिरमा लगाएको आलु चैतसम्ममा भित्र्याउन सकिने उहाँको भनाइ छ । “यहाँ हिउँदे आलुको मात्रै खेती हुन्छ । यहाँ फल्ने आलु राजमार्गको पहुँचका कारण सहजै बजारसम्म पुग्ने गरेको छ । उपभोक्ताले पनि हेम्जाको आलु खोजीखोजी किन्छन्,”, उहाँले भन्नुभयो ।

आलु भण्डारणका लागि महानगरको आर्थिक सहयोगका चिस्यान केन्द्र पनि निर्माण गरिएको छ । गुणस्तरीय बीउ, मलको अभाव, हावापानीमा आउने परिवर्तनलगायत कारणले आलुखेतीमा चुनौती थपिँदै गएको किसानको भनाइ छ । पछिल्लो समय ‘आलु महोत्सव’ हुन थालेपछि हेम्जाको आलुको बजारीकरणमा सहजता थपिएको किसान बताउँछन् ।

यस वर्षको बाह्रौँ ‘राष्ट्रिय हेम्जा आलु महोत्सव’ आइतबारदेखि सुरु हुँदैछ । महोत्सव अवधिमा लाखौँको आलु बिक्री गर्ने योजनामा किसान छन् । व्यावसायिक कृषिको प्रवर्द्धनका साथै हेम्जालाई कृषि-पर्यटनको ‘ हब’का रुपमा चिनाउने उद्देश्यले महोत्सव राखिएको आयोजक विष्णु पादुका क्लबका अध्यक्ष सुबिन श्रेष्ठले बताउनुभयो ।

महोत्सवका लागि ५० टनभन्दा बढी आलु सङ्कलन गरिसकिएको उहाँको भनाइ छ । महोत्सव अवधिभर ८० टन आलु बेच्ने लक्ष्य लिइएको उहाँले बताउनुभयो । महोत्सव आगामी वैशाख ५ गतेसम्म सञ्चालन हुने आयोजकले जनाएको छ । ‘सुन्दर ठाउँ हेम्जा जाऔँ, आलुका स्वादिष्ट परिकार खाऔँ, आलु एक परिकार अनेक’ भन्ने नाराका साथ महोत्सव आयोजना गरिएको हो । आलुलगायत ताजा तरकारीको बहत् प्रदर्शनी, आलुका परिकारको प्रदर्शनी एवं बिक्री, आलुको पहाड निर्माण, कृषि झाँकीलगायत महोत्सवका आकर्षण रहेका छन् ।

किसानलाई लक्ष्य गरी माटो, बोटबिरुवा परीक्षण तथा रोगको निदान, कृषि उपज, बीउबिजन, कृषि यन्त्र, उपकरण आदिको प्रर्दशनी, कृषिसम्बन्धी सांस्कृतिक प्रस्तुति, कृषि बहस, कृषक सम्मानलगायत कार्यक्रम पनि राखिएको अध्यक्ष श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार अवलोकनमा आउने सर्वसाधारणलाई आलुलगायत कृषि उपज किनमेलका लागि छुट्टै बिक्रीकक्ष निर्माण गरिएको छ ।

अध्यक्ष श्रेष्ठले महोत्सवमा कृषिमा ३० वटा व्यावसायिक ‘स्टल’ रहने जानकारी दिनुभयो । उहाँका अनुसार अन्य व्यापारिक ‘स्टल’ एक सय र रेष्टुराँका लागि १० ‘स्टल’ रहने छन् । “कृषि पर्यटन र स्थानीय उत्पादनको प्रवर्द्धन गर्ने उद्देश्यले महोत्सव राखिएको हो,” अध्यक्ष श्रेष्ठले भन्नुभयो । महोत्सवमा विविधता र आकर्षण थप्न मनोरञ्जनात्मक गतिविधि पनि समेटिएको छ । साङ्गीतिक प्रस्तुति, रमाइलो मेला, बाल उद्यान आदि राखिने क्लबले जनाएको छ ।रासस

# वैदेशिक रोजगारमा समस्या परेका १९२ जनालाई क्षतिपूर्ति

**रानाले भन्नुभयो, आप्रवासन केन्द्रमा मुद्दा दर्ता भएपछि प्रशासन कार्यालय, प्रहरी कार्यालय, स्थानीय तह लगायतको सहकार्यमा पीडित परिवारलाई क्षतिपूर्ति रकम प्रदान गर्न सकिएको हो ।**



**दमौली** । वैदेशिक रोजगारीमा समस्यामा परेका तनहुँका एक सय ९२ जनाले क्षतिपूर्तिस्वरुप रु दुई करोड ३१ लाखभन्दा बढी राहत वितरण गरिएको छ । सुरक्षित आप्रवासन कार्यक्रम (सामी) को पहलमा चालु आर्थिक वर्षमा वैदेशिक रोजगारीका क्रममा विभिन्न समस्यामा परेका उनीहरुले राहतस्वरुप उक्त रकम प्राप्त गरेका हुन् ।

वैदेशिक रोजगारीका क्रममा ठगी, मृत्यु, उद्धार तथा जालसाजीमा परेका उनीहरुले सामी कार्यक्रमको समन्वयमा उक्त रकम प्राप्त गरेको कार्यक्रम संयोजक लुना रानाले जानकारी दिनुभयो । उहाँका अुनसार व्यास नगरपालिकाका ६७ जनाले रु ६१ लाख ९१ हजार, भानु नगरपालिकाका १६ जनाले रु एक लाख २० हजार, शुक्लागण्डकी नगरपालिकाका १५ जनाले रु ११ लाख, म्याग्दे गाउँपालिकाका २२ जनाले रु ४५ लाख ५० हजार, भिमाद नगरपालिकाका २५ जनाले रु ६४ लाख ७९ हजार, बन्दीपुर गाउँपालकाका ११ जनाले रु दुई लाख, देवघाट गाउँपालिकाका ११ जनाले रु २१ लाख, आँबुखैरेनी गाउँपालिकाका चार जनाले रु ५० हजार, ऋषिङ गाउँपालिकाका १४ जनाले रु दुई लाख ५० हजार क्षतिपूर्ति पाएका छन् ।

तनहुँबाहेक अन्य ठाउँका सात जनाले रु २१ लाख क्षतिपूर्ति रकम पाएको संयोजक रानाले जानकारी दिनुभयो । जिल्ला प्रशासन कार्यालयमा रहेको आप्रवासी स्रोत केन्द्रमा एक सय १८ ठगीका, १४ मृत्यु, छ जेल, १२ करार उल्लङ्घन, १४ उद्धार र ६३ अन्य उजुरी परेका थिए । रानाले भन्नुभयो, “आप्रवासन केन्द्रमा मुद्दा दर्ता भएपछि प्रशासन कार्यालय, प्रहरी कार्यालय, स्थानीय तह लगायतको सहकार्यमा पीडित परिवारलाई क्षतिपूर्ति रकम प्रदान गर्न सकिएको हो ।” सामी कार्यक्रम सञ्चालन भएपछि वैदेशिक रोजगारमा जाने र रोजगारमा ठगिएका, मृत्यु भएकाले राहत रकम पाउँदा पीडित परिवारलाई सहज हुने गरेको उहाँको भनाइ छ ।

**छ हजार बढीलाई परामर्श**

कार्यक्रममार्फत हालसम्म छ हजार छ सय ९१ जनालाई परामर्श प्रदान गरिएको छ । वैदेशिक रोजगारीमा जानुपूर्व सुरक्षित रुपमा जानका लागि सर्वसाधारणलाई आवश्यक परामर्श प्रदान गरिएको छ । रानाका अनुसार व्यासका एक हजार चार सय ५६, शुक्लागण्डकीका एक हजार ७३ तथा भानु नगरपालिकाका एक हजार १४, म्याग्देका पाँच सय १७, भिमादका छ सय ७१, बन्दीपुरका तीन सय ९९, देवघाटका तीन सय चार, घिरिङका तीन सय ८३, ऋषिङका पाँच सय ५४ र आँबुखैरेनी गाउँपालिकाका तीन सय २० जनालाई परामर्श सेवा दिइएको छ ।

वैदेशिक रोजगारलाई सुरक्षित र मर्यादित बनाउन विसं २०७६ मङ्सिर १ गतेदेखि जिल्लाका चार र गत वर्षदेखि थप तीन स्थानीय तहमा सामी कार्यक्रम सञ्चालित छ । जिल्लाका व्यास, भानु र शुक्लागण्डकी नगरपालिकाका साथै म्याग्दे, भिमाद, देवघाट र बन्दीपुर गाउँपालिकामा कार्यक्रम सञ्चालन भइरहेको छ ।सामी कार्यक्रममार्फत विदेश जाने र विदेशबाट फर्किएका युवायुवतीलाई परामर्श सेवा प्रदान गर्ने गरिएकामा यो प्रभावकारी बनेको व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले बताउनुभयो । उहाँले भन्नुभयो, “सामी कार्यक्रमलाई अबको आर्थिक वर्षदेखि स्थानीय तहले सञ्चालन गर्नुपर्ने अवस्था आउन लागेको छ । यो कार्यक्रम निकै प्रभावकारी बनेकाले त्यसका लागि हामी तयार छौँ ।”

गण्डकी प्रदेशका जिल्लामध्ये वैदेशिक रोजगारीमा जाने तनहुँ उच्च जिल्ला रहेकाले वैदेशिक रोजगारीलाई सुरक्षित बनाउन यो कार्यक्रमले सहयोग पुगेको वैदेशिक रोजगार बोर्डका कार्यक्रम अधिकृत शैलेन्द्र मिश्रले बताउनुभयो ।

उहाँका अनुसार चालु आव तनहुँबाट श्रम स्वीकृति लिएर विदेश जानेको संख्या १३ हजार नौ सय ५१ छ । त्यसमध्ये महिलाको संख्या एक हजार तीन सय ९० छ ।

उहाँले भन्नुभयो, “गरिबी र वैदेशिक रोजगारमा आकर्षणले विदेश जानेको सत्_या बढ्दो छ । यसलाई रोक्न सक्ने अवस्था छैन तर वैदेशिक रोजगारीमा जानुपूर्व आवश्यक सबै ज्ञान लिएर मात्रै जानुपर्छ । नत्रभने पछि समस्या आउन सक्छ ।”रासस

# बारीमा तरकारी, घरमै रोजगारी



**राँझा** । बाँकेको राप्ती सोनारी गाउँपालिका-५ बिनौना ललहीका ४५ वर्षीय टेकराज थारूको दैनिकी तरकारी गोडमेल र स्याहारसुसारमै बित्ने गर्दछ । उहाँको आम्दानीको स्रोत नै खेतबारी हो । टेकराजका धेरै साथीहरु रोजगारीका लागि विदेश पुगेका छन्, कतिपय साथी मजदुरी गर्न नेपालगञ्जमा भौँतारिरहेका छन् । उहाँले भने तरकारी खेती छोडेर रोजगारी गर्नेतिर कहिल्यै सोच्नुभएन ।

“मेरो जागिर भने पनि रोजगारी भने पनि यही तरकारीखेती हो । बिहानदेखि साँझसम्म यहीँ काम गर्छु”, आफूले गरेको तरकारीखेती देखाउँदै टेकराजले भन्नुभयो, “आफ्नो घरमा बसेर तरकारीखेती गर्दै आएको छु कुनै सिजनमा सोचेभन्दा राम्रो आम्दानी हुन्छ, कहिले अलि थोरै हुन्छ ।”

टेकराजले आफूसँगै घरपरिवारका सदस्यहरुलाई पनि तरकारीखेतीको काममा लगाउने गर्नुभएको छ । तरकारीखेतीबाटै जीवन निर्वाह गर्दै आउनुभएका उहाँले वार्षिक करिब रु १० देखि १२ लाखसम्म कमाई गर्ने गरेको बताउनुभयो । व्यावसायिक तरकारीखेतीमा दैनिक श्रम गर्ने उहाँलाई आफ्नै खेतबारीमै विदेशमा पाइनेभन्दा उत्तम रोजगारी मिलेको अनुभूति हुन्छ । विगतमा उहाँ निर्वाहमुखी खेती गर्दै आएपनि पछिल्लो एक दशकदेखि व्यावसायिक तरकारीखेती गर्दै आउनुभएको छ । बाह्रैमास उहाँको खेतबारी हराभरा देखिन्छ । मौसमी र बेमौसमी तरकारीखेती गर्ने उहाँको दैनिकी पनि निकै व्यस्त हुन्छ ।

“परिवारसँगै हाँसीखेली काम गर्न पाइएको छ, परिवारमा दुःख पर्दा सहयोग हुन्छ”, टेकराजले भन्नुभयो, “कोही बिरामी पर्दा विदेशबाट भनेकै बेला सहयोग गर्न घर आउँछु भन्न पाइँदैन, सबै परिवार घरमा हुँदा एकअर्काका लागि पनि निकै सहयोग पुगेको छ ।”अहिले उहाँको खेतबारीमा काँक्रा, गोलभैँडा, फर्सी, खुर्सानीलगायत तरकारी बिक्री गर्ने अवस्थामा छन् भने घिरौँला, तोराय, लौका, तर्भुजलगायत तरकारी तयार हुँदै गएका छन् । रोजगारीको खोजीमा युवा जनशक्ति विदेश पलायन बढ्दो छ । स्वदेशमा रोजगारीको सम्भावना नभएको भन्दै विदेश पस्ने युवाका लागि टेकराज प्रेरणाको स्रोत बन्नुभएको छ ।

उत्पादित कृषि उपज घरबाटै बिक्री हुने गरेको उहाँले बताउनुभयो । “मेहेनत र काम गर्ने इच्छा शक्ति हुने होभने पैसा कमाउन विदेश नै जानुपर्दैन । यहाँ पनि सम्भावना छन् । मेहेनत गर्न सके बाँझो रहेको जग्गाबाटै लाखौँ आम्दानी गर्न सकिन्छ”, टेकराजले भन्नुभयो, “धनआर्जनका लागि सरकारी जागीर खानैपर्छ वा विदेश पुग्नुपर्छ भन्ने सोच मसँग छैन ।” बारीमा तरकारी रोपेर पनि स्वरोजगार बन्न सकिने भन्दै उहाँले यसमा सरकारले प्रोत्साहन गर्न जरुरी रहेकामा जोड दिनुभयो ।

विगतमा गहुँ, मकै लगाउने जग्गामा टेकराजले अहिले मौसमी तथा बेमौसमी तरकारी उत्पादन गर्दै आउनुभएको छ । परिवारका लागि मुख्य आयस्रोत भनेकै तरकारी खेती हो । “विदेश बसेर भन्दा घरमा बसेर तरकारी खेती गर्दा आनन्द छ । परिवारसँग बस्न पाइएको छ, खान पाइएको छ, मेहेनत गरे घरमै बसेर तरकारी खेतीबाट पनि राम्रो आम्दानी गर्न सकिन्छ”, टेकराजले भन्नुभयो, “विदेशमा पसिना बगाएर कमाएको पैसा घरखर्च मै सकिने हुन्छ, तरकारी खेती गरेर वर्षमा लाख रूपैयाँ बचत हुँदा किन विदेश गएर पैसा कमाउने सपना देख्ने ? विदेशमा पनि रुखमा पैसा फल्ने होइन, जहाँ गरेनि दुःख गर्नैपर्ने हो ।”

टेकराजको तरकारीखेती देखेर अहिले ललही गाउँका अन्य किसान पनि व्यावसायिक तरकारीखेतीतर्फ आकर्षित हुन थालेका छन् । रोजगारीका लागि विदेश नै पुग्नुपर्छ भन्ने मानसिकता युवा पुस्ताले हटाउनुपर्ने अर्का कृषक मधु थारूले बताउनुभयो । राप्ती सोनारी गाउँपालिकाले किसानलाई बगरखेतीतर्फ आकर्षित गर्न अनुदान कार्यक्रम ल्याएको छ । बगरखेती गर्ने किसानलाई रु पाँच लाखसम्मको अनुदान दिने कार्यक्रम रहेको गाउँपालिका कृषि शाखा प्रमुख चन्दाकुमारी शाहीले जानकारी दिनुभयो ।

उहाँका अनुसार यो वर्ष राप्ती सोनारी-५ बिनौनास्थित ललही टेकराज थारूको बगरखेती समूह र वडा नं १ का बगरखेती कृषक मानबहादुर रानामगरलाई रु पाँच लाख बराबरको अनुदानको सम्झौता गरिएको छ । बगरखेतीतर्फ किसानलाई आकर्षित गर्न अनुदान कार्यक्रम सञ्चालन गरिएको गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत ओमप्रकाश देवकोटाले बताउनुभयो । उहाँले बगरखेती किसानले उत्पादन गरेको कृषि उपजलाई बजारीकरणका लागि समेत गाउँपालिकाले आवश्यक पहल गर्ने उल्लेख गर्नुभयो । रासस


**नेपाल नागरिक उड्डयन प्राधिकरण**

## जनकपुर नागरिक उड्डयन कार्यालय, जनकपुरधामको

## चमेना गृह सेवा सञ्चालन गर्ने सम्बन्धी बोलपत्र आव्हानको सूचना

**(दोस्रो पटक प्रकाशित मितिः २०८०/१२/२५)**

जनकपुर विमानस्थलको पार्किङ्ग क्षेत्र भन्दा उतर पूर्व स्थानमा ८० (असी) वर्गमीटर क्षेत्रफलमा चमेना गृह सेवा सञ्चालनको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले नेपाल सरकारबाट सो सम्बन्धी कारोबार गर्न इजाजत प्राप्त गरेका इच्छुक व्यक्ति/संस्था/फर्म/कम्पनीले निम्न शर्तहरुको अधीनमा रही बोलपत्र फाराम पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरू**

१. यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनभित्र कार्यालयको बिशालबजार स्थित राष्ट्रिय बाणिज्य बैंक., काठमाण्डौंमा, नेपाल नागरिक उड्डयन प्राधिकरणको नाममा रहेको खाता नम्बर १०९०१०००६४९१७००१ मा रु १,१३०।- (अक्षरेपी एक हजार एक सय तीस मात्र) मूल्य अभिवृद्धि कर सहित (पछि फिर्ता नहुने) दाखिला गरी सोको सक्कल भौचर कार्यालयमा पेस गरी प्राप्त रसिद, नवीकरण सहितको फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर/स्थायी लेखा नम्बरको दर्ता प्रमाणपत्रको प्रतिलिपि कार्यालयमा पेश गरी बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिबाट १५ (पन्द्र) औं दिनको कार्यालय समयभित्र खरिद गरी १६(सोह्र) औं दिनको १२:०० बजेभित्र कार्यालयमा दाखिला गर्नु पर्नेछ । दाखिला हुन आएका बोलपत्रहरु सोही दिनको २:०० बजे सम्बन्धित बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । सो दिन बोलपत्रदाताको तर्फबाट अख्तियारी पत्र सहित प्रतिनिधि उपस्थित हुनु पर्नेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए तापनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खरिद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो पछिको लगत्तै कार्यालय खुलेको दिन सोही समय र स्थानमा बोलपत्र खरिद र दर्ता गरिनेछ ।

३. बोलपत्रसाथ फर्म वा कम्पनी दर्ता प्रमाणपत्र (नवीकरण सहित), सम्बन्धित निकायबाट व्यवसाय सञ्चालन गर्न प्राप्त इजाजत पत्र, मूल्य अभिवृद्धि कर/स्थायी लेखा नम्बरको दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, व्यवसाय सञ्चालन गर्ने काम कारबाहीमा भाग लिन अयोग्य नभएको, आफूले यस सम्बन्धमा सजाय नपाएको वा कालोसूचीमा नपरेको भनी लिखित रुपमा गरेको स्वःघोषणापत्र पेस गर्नुपर्नेछ ।

४. चमेना गृह सेवा सञ्चालनको लागि ठेक्का अवधि ५(पाँच) वर्षको हुनेछ । सो अवधिको न्यूनतम ठेक अंक रु ९,६०,०००।- (अक्षरेपीः नौ लाख साठी हजार मात्र) कायम गरिएको छ । साथै दोस्रो वर्षदेखि कुल ठेक अंकमा कार्यसम्पन्न भएको वर्षको रकम घटाई बाँकी हुन आउने बहाल रकममा नेपाल राष्ट्र बैंकले निर्धारण गरेको मूल्य वृद्धि सूचकाङ्कको अनुपातमा स्वतः वृद्धि हुनेछ र सोही अनुरुप कायम हुन आउने थप बहाल रकम समेत बुझाउनु पर्नेछ ।

५. प्राधिकरण तथा मातहतका कार्यालयलाई बुझाउनु पर्ने बाँकी बक्यौता रहेका व्यक्ति, फर्महरुले बोलपत्रमा भाग लिन पाउनेछैन । प्राधिकरणलाई बुझाउनु पर्ने बाँकी बक्यौता रकम नरहेको व्यहोराको प्रमाण बोलपत्र कागजात खरिद गर्दाका समयमा पेश गर्नुपर्नेछ ।

६. कबोल गरेको रकमको ५% ले हुने बोलपत्र जमानत रकम कार्यालयको एभरेष्ट बैंक लि, जनकपुरधाम रहेको धरौटी खाता नम्बर ०१३००१०५०००३३० मा दाखिला गरेको सक्कल भौचर वा सो रकम बराबरको कार्यालयको नाममा ‘क’ वर्गको वाणिज्य बैंकवाट जारी भएको कम्तीमा १८० दिन (बोलपत्र खोल्ने मितिबाट )मान्य अवधि भएको बैंक ग्यारेन्टी (Bid Bond) बोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

७. दाखिला गर्ने बोलपत्रको खाम सिलबन्दी गरी खाम बाहिर कुन विषयको बोलपत्र हो, सो स्पष्ट लेखी श्री जनकपुर नागरिक उड्डयन कार्यालय, जनकपुरधामलाई सम्बोधन गरी कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

८. बोलपत्रको दररेट भर्दा अंक र अक्षर दुवैमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

९. रीत नपुगी, म्याद नाघी, शर्तसहित पेश भएको वा तोकिएको कागजात पेश भई नआएको बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।

१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

११. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

१२. यो सूचना नेपाल नागरिक उड्डयन प्राधिकरणको Website:www.caanepal.gov.np मा उपलब्ध हुनेछ ।

१३. यस सूचनामा नपरेका अन्य कुराहरु विमानस्थल सेवा शुल्क नियमावली, २०७८ तथा प्रचलित ऐन, नियमानुसार हुनेछ ।

१४. यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालयमा कार्यालय समयभित्र बुझ्न सकिनेछ ।

१५. सूचनामा भएका शर्त र बोलपत्रका शर्तहरुको अलावा आवश्यक अन्य शर्तहरु सम्झौता पत्रमा राख्न सकिनेछ ।

# शान्तिपूर्ण संघर्ष गर्दा पनि गोली लठ्ठी खानुपरेको छः महन्थ ठाकुर

**टुडे समाचारदाता**

जलेश्वर । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल का अध्यक्ष महन्थ ठाकुरले शान्तिपूर्ण संघर्ष गर्दा पनि मधेशीले गोली लठ्ठी खानुपरेको बिडम्वना रहेको बताएका छन् ।

महोत्तरीको मटिहानीमा आयोजना गरिएको एक कार्यक्रममा अध्यक्ष ठाकुरले मधेशमाथिको अन्याय मुलुकमा अझै जारी रहेको भन्दै उनले सरकारले मधेशमाथि विभेद जारी राखेको जिकिर गरे ।

उनले अदालतले पनि मधेश र मधेशीमाथि न्याय नगरेको गुनासो गरे । सबैभन्दा बढी जनसंख्या रहेको मधेश प्रदेशमा कम बजेट दिनु, निर्वाचन क्षेत्र कम बनाउनु मधेश माथिको विभेदको उदाहरण रहेको उनले बताए ।




अध्यक्ष ठाकुरले समग्र मधेशवासीको प्रतिनिधित्व मधेश प्रदेशले मात्रै गर्न नसक्ने भएकाले उनीहरुको हितका लागि अझै पनि संघर्षको आवश्यकता रहेको औल्याए ।

नेपाल-भारत मैत्री कार्यक्रम अन्तर्गत एलपिजी ग्यास सिलिण्डर तथा चुलो वितरण कार्यक्रममा अध्यक्ष ठाकुरद्वारा मटिहानी नगरपालिकाको वड़ा १ देखि ९ सम्मका करिब २००० अति विपन्न तथा दलित परिवारलाई निःशुल्क सिलिण्डर र चुलो वितरण गरिएको सुशीला ठाकुर हेल्थ मेमोरियल फाउण्डेशन धनुषाका अध्यक्ष डा. मिनाक्षी ठाकुरले बताइन् ।

डा. ठाकुरले नेपाल-भारतबीच पारिवारिक, सांस्कृतिक र धार्मिक सम्बन्ध रहेको बताउँदै भारतबाट हुने यस किसिमका सहयोगले नेपाल-भारतका जनताबीच अझ मजबुत सम्बन्ध स्थापित हुँदै गएको बताइन् ।

# वीरगञ्जले केन्द्र सरकारलाई धेरै थोक दिएको छः मुख्यमन्त्री यादव



**टुडे समाचारदाता**

वीरगञ्ज । मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यावदले वीरगञ्जले केन्द्र सरकारलाई धेरै थोक दिएको बताएका छन् ।

वीरगञ्जमा शनिबार आयोजित एक कार्यक्रममा बोल्दै मुख्यमन्त्री यादवले केन्द्र सरकारले वीरगञ्जलाई केहीनदिएको भ न द ै प्रतिप्रश्न गरेका छन् ।

उनले प्रश्न गर्दै भने, 'संघीयता आएको ७ वर्ष भइसक्यो, मधेशका मुख्यमन्त्रीलाई कुन बेला कुन् प्रमुख सचिव आउँछन्, प्रदेशका विकास-निमार्ण योजना कहिले सुरु र सम्पन्न हुन्छन् भन्ने थाहै हुँदैन ।'

उनले अघि थप्दैँ भने, 'वीरगञ्जलाई केन्द्र सरकारले केही नदिए पनि वीरगञ्जले भने थुप्रै थोक दिएको छ, तर अहिलेसम्म वीरगञ्जले केन्द्र सरकारबाट के पायो त ?'

देशको अर्थतन्त्रमा उल्लेख्य योगदान पुऱ्याउने र संघीयता ल्याउनसमेत मधेशको महत्वपूर्ण भूमिका रहेको भन्दै उनले संघीय सरकारले उपेक्षा गर्न नमिल्ने बताए । मधेशले अधिकारबिनाको संघीयता अपनाउनु परेको भन्दै उनले गुनासो गरे ।

केन्द्रको सत्ता गठबन्धन अकास्मात परिवर्तन हुँदा प्रदेशहरूमा समेत कम्पन आउन थालिएकाले विभिन्न काम बीचमै अलपत्र पर्ने परिस्थिति उत्पन्न भएको उनले बताए । आफूले संघीय सरकारको अघिल्लो गठबन्धन छँदा मधेशमा सिँचाइ व्यवस्थापनका लागि करिब १ अर्बको परियोजना अघि सारेर टुंगोमा पुग्नै लागेका बेला केन्द्रमा नयाँ मन्त्रीमण्डल बनेपछि त्यो योजना अलपत्र परेको उनले बताए । संघीय सरकारले बजेट बनाउँदा प्रदेशका उद्योगी-व्यापारीसँग पनि सल्लाह गर्नु पर्ने धारणा राखे ।

# स्वास्थ्यमन्त्रीद्वारा रक्तदान

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्यामन्त्री शत्रुधनप्रसाद सिंहले रक्तदान गरेका छन् । धनुषाको ढल्केवरमा आयोजना गरिएको रक्तदान कार्यक्रममा उनले रक्तदान गर्दै कार्यक्रमको थालनी गरेका छन् ।



सो कार्यक्रममा स्वास्थ्य मन्त्री सिंहले एक सयभन्दा बढी पटक आफूले रक्तदान गरेको बताए । २०६० सालमा पहिलो पटक रक्तदान गरेको बताउँदै उनले त्यसपछि प्रत्येक तीन-तीन महिनामा रक्तदान गर्दै आएको बताए ।

नेकपा (एमाले)को तर्फबाट चैत १० गते स्वास्थ्य तथा जनसंख्या मन्त्रीमा नियुक्त भएका मन्त्री सिंहले पदभार ग्रहण गरे लगत्तै बिरामीलाई निःशुल्क रगत उपलब्ध गराउने निर्णय गरेको थियो ।

ब्लड बैंक तथा अस्पतालमा भइरहेको रगत अभावलाई मध्यनजर गर्दै ढल्केवरमा मिथिला उद्योग वाणिज्य संघ, मिथिला ब्याडमिन्टन क्लब, खानेपानी तथा सरसफाइ उपभोक्ता समितिलगायत स्थानीय विभिन्न संघसंस्थाको आयोजनामा वृहत् रक्तदान कार्यक्रमको आयोजना गरेको थियो ।

# वडा कार्यालयको ताला खुल्यो

**टुडे समाचारदाता**

राजविराज । भाडा सम्बन्धी विवादका कारण विगत ८ वर्षदेखी भएको एक घरको तालाबन्दी शनिबार खुलेको छ ।

राजविराज नगरपालिका ४ मेनरोडस्थित निलम सिंहको घरमा होटल संचालन गरि बसेका प्रकाश कुमार शाहीले घरधनीसित भाडा सम्बन्धी विवादपछि ८ वर्षअघि लगाएको ताला वडा कार्यालयको पहलमा खोलिएको हो ।

होटल संचालक शाहीले भाडाबृद्धि लगायत अन्य विविध विषय देखाउँदै क्षतिपूर्ती दाबीसहित घरपट्टी सिंहबिरुद्ध अदालतमा मुद्दा दायर गरेका थिए । उता घरपट्टी सिंहले शाहीद्वारा गरिएको तालाबन्दी बिरुद्ध राजविराज नगरपालिकाको न्यायिक समितिमा उजुरी दिएकी थिइन् ।

न्यायिक समितिले २०७५ साल असोज १० गते फैसला सुनाउँदै तालाबन्दी खोल्नु पर्ने ठहर गरेको थियो । तर फैसला कार्यान्वयन हुन सकेको थिएन् ।

सोही फैसला कार्यान्वयन स्वरुप नगरपालिका र वडा कार्यालयबाट खटेको डोर कर्मचारीले प्रहरी, जनप्रतिनिधि, स्थानियवासी र पत्रकारको रोहबरमा ८ वटै कोठाको ताला खोलेका छन् ।



# मेयर सिंहविरुद्ध प्रदर्शन, तीन पक्राउ






**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंहलाई किर्ते नागरीकता प्रकरणमा मोलाहिजा गरेको भन्दै नगरमा स्थानीय प्रशासनको विरुद्धमा समेत दिनहुँ प्रदर्शन भइरहेको छ ।

वीरगञ्जमा शनिबार महानगरका मेयर सिंह विरुद्ध स्थानीयहरुले मशाल जुलुश प्रदर्शन गर्दै प्रहरी प्रशासनसमेतको विरुद्धमा दिनहुँ नारावाजी गर्दै आएका छन् ।

मेयर सिंहलाई कारबाही गर्नुपर्ने भन्दै नेपाली कांग्रेस पर्सा क्षेत्र नं २ का सभापति मोहम्मद शाहाबुदिनले कागज मिलाएर चोख्याउने काममा स्थानीय प्रशासन लागेकाले आफुहरुले दिनहुँ खबरदारी गर्दै प्रदर्शन गरिरहेको बताए । शनिबार टायर बालेर प्रदर्शन गर्ने क्रममा बरकत अली, महम्मद नौसाद, शेख रमजान र महम्मद अफताबलाई समेत पर्सा प्रहरीले पक्राउ गरेको जनाइएको छ ।

प्रहरी प्रशासनले मेयर राजेशमान सिंहमाथि कानुनी कारबाही अगाडि नबढाए आउने दिनमा अर्ध नग्न जुलुस, प्रधानमन्त्री र गृहमन्त्रीको पुतलादहन गर्ने सभापति शाहाबुदिनले बताए ।

# लागूऔषधसहित दुई पक्राउ

**टुडे समाचारदाता**

मलंगवा । सर्लाही प्रहरीले ठूलो परिमाणमा लागुऔषध सहित दुई जनालाई पक्राउ गरेका छन् ।

जिल्लाको लालबन्दी नगरपालिका वडा नम्वर १ स्थित नवलपुरबाट नाइट्राभेट १० एमजी लेखिएको तिन हजार ट्याब्लेटसहित सर्लाही हरिवन नगरपालिका वडा नम्वर ७ चिताइनका २८ वर्षीय पिन्टुकुमार गुप्ता र ३० वर्षीय राजेश सहनीलाई सर्लाही प्रहरीले पक्राउ गरेको छ ।



लागूऔषध व्यूरो वीरगञ्जको सूचनाको आधारमा सर्लाही प्रहरीले ज ४ प ५१३६ नम्बरको मोटरसाइकललाई मलंगवाबाट पछ्याउँदै नवलपुरमा चेकजाँच गर्दा ठूलो परिमाणमा लागुऔषध नाइट्राभेटसहित पक्राउ गरिएको सर्लाही प्रहरीले जनाएको छ ।

उनीहरुले चाउचाउको कार्टुनभित्र लुकाएर ल्याइरहेको नाइट्राभेट ट्याब्लेट तीन हजार पिस लागूऔषध बरामद भएको इलाका प्रहरी कार्यालय लालबन्दीका प्रहरी निरीक्षक हरिबोल केसीले बताए । पक्राउ परेका दुबै जनालाई हिरासतमा राखेर आवश्यक अनुसन्धान भइरहेको उनले बताए ।

पछिल्लो समयमा सर्लाही जिल्लाको दक्षिणी नाकाहरुबाट ठूलो परिमाणमा लागुऔषधको ओसारपसार भइरहेको छ । लागुऔषध दुर्व्यसनीको रुपमा राजमार्ग छेउछाउका बस्तीहरुमा बदनाम रहे पनि सीमापारी सहजै रुपमा पाइने यस्ता प्रतिबन्धित लागुऔषध ओसार्ने कार्यमा संलग्न व्यक्तिहरुलाई निगरानी नगरेका कारण सर्लाही जिल्लाको राजमार्ग लागुऔषधको ट्रान्जीट प्वाइन्ट बन्दै गएको छ ।

# क्रान्तिकारी कम्यूनिष्ट पार्टीद्वारा जनप्रदर्शन

**टुडे समाचारदाता**

जनकपुरधाम । ३५ औं जनआन्दोलन दिवसको अवसरमा क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल मधेश प्रदेशले जनप्रदर्शन तथा जनसभा गरेको छ ।

क्रान्तिकारी कम्यूनिष्ट पार्टी नेपालका केन्द्रीय कार्यालय सदस्य हरिभक्त कँडेल प्रतिकले देशी तथा विदेशी प्रतिक्रियावादी सत्ता, व्यवस्थाका विरुद्ध मात्रै नभएर संशोधनवादी र अवसरवादी कम्युनिस्टहरुका विरुद्धको पनि विद्रोह रहेको बताएका छन् ।

जनकपुरधाममा शनिबार आयोजित जनप्रदर्शन तथा जनसभामा बोल्दै मधेश प्रदेश समितिका इन्चार्जसमेत रहेका प्रतिकले जनआन्दोलनको दिनलाई ऐतिहासिक र क्रान्तिकारी महत्व स्थापित गरेको दिनको रुपमा स्मरण गरी मनाएको स्पष्ट पारे । उनले नेपालमा विशेषतः क्रान्तिकारी धारका कम्युनिस्टहरूले चैत्र २४ लाई 'जनआन्दोलन दिवस'का रूपमा मनाउँदै आएको बताए ।



नयाँ जनवादी क्रान्ति पूरा गरी वैज्ञानिक समाजवाद स्थापनाका लागि निरन्तर संघर्षको संकल्प गरेको पनि उनले बताए । ऐतिहासिक महत्वमाथि विशेष चर्चा गर्दै जीर्ण भइसकेको वर्तमान दलाल संसदीय व्यवस्थाको अन्त्य नगरेसम्म देशमा जनताको राज्यव्यवस्था स्थापित नहुने उनले बताए । उनले दलाल संसदीय व्यवस्थाको समूल अन्त्य गर्न सच्चा देशभक्त र क्रान्तिकारी शक्तिहरुबीच सुदृढ एकताको खाँचो रहेको बताए ।

जनकपुरधाम नगरको विभिन्न चोकको परिक्रमा गर्दै जनक चोकमा पुगि कोणसभामा परिणत गरी एउटा राजनीतिक उत्सवको रुपमा मनाएको छ ।

सो जनसभामा क्रान्तिकारी कम्यूनिष्ट पार्टी मधेश प्रदेशका संयोजक कृष्णदेव सिंह दनुवार, सचिवालय सदस्य नयन, केन्द्रीय सदस्य शीतल कर्ण, मधेशी राष्ट्रिय मुक्ति मोर्चा नेपालका केन्द्रीय अध्यक्ष महेश यादव, पार्टीको धनुषा जिल्ला संयोजक विमला खड्कालगायतका वक्ताले ३५ औं जनआन्दोलनको उद्देश्य र आन्दोलनका बाँकी रहेका कार्यभारका लागि पुनः आन्दोलनका लागि तयारी रहनका लागि जनतामा अपिल गरेका थिए ।

# रास्वपा मधेश प्रदेशमा पन्त र प्रजापती निर्वाचित

**टुडे समाचारदाता**

वीरगञ्ज । होटल तथा पर्यटन व्यवसायी संघ वीरगञ्जका अध्यक्ष हरि पन्त राष्ट्रिय स्वतन्त्र पार्टीको मधेश प्रदेश सदस्यमा विजयी भएका छन् । मधेश प्रदेश कमिटीमा रिक्त रहेको सो दुई सदस्य पदको लागि पार्टी भित्र आन्तरिक चुनाव भएको थियो ।



आन्तरिक चुनावबाट पन्त मतभार १७ मत प्राप्त गरी विजयी भएका छन् । भने अर्का सदस्यमा सुदिश प्रजापति विजयी भएका छन् । प्रजापतिले १० मतभार प्राप्त गरी विजयी भएका छन् । कुल २८ मतभार मतदाता रहेकोमा ३ जना अनुपस्थित रहेका थिए । २५ जना मतदाताले निर्वाचनमा मतदान गरेका थिए ।

पर्साको चारै ओटा निर्वाचन क्षेत्रको निर्वाचित क्षेत्रीय, जिल्लामा गठन भएका पालिका पदाधिकारीहरु र पर्साबाट निर्वाचित प्रदेश प्रतिनिधिहरु मतदाता रहेका थिए ।

निकटतम् प्रतिद्वन्द्वी दीपराज पटेलले ९ मत प्राप्त गरे भने मुर्ली जलानले ६ मत, रामसुन्दर आर्यले ४ मत अर्का २ उम्मेदवारहरुले १/१ मत प्राप्त गरेका थिए । प्रदेश सदस्यको लागि भएको आन्तरिक चुनावमा सुरुमा १४ जना उम्मेदवारले उम्मेदवारी दर्ता गराएका थिए ।

# लहान नगरद्वारा सिँचाई मिटरको महसुल भुक्तानी

**टुडे समाचारदाता**

लहान । लहान नगरपालिकाले सिँचाइको महसुल भुक्तानी गरेको छ । किसानहरूले प्रयोग गरेको विद्युत मिटरको शुल्क लहान नगरपालिकाले विद्युत वितरण प्राधिकरण केन्द्र लहानलाई १४ लाख आठ हजार रुपैयाँको चेक हस्तान्तरण गरेको छ ।



सिँचाई मिटरको महसुल भुक्तानी पछि लहान नगरका एक हजार २३४ कृषकहरूले निःशुल्क रूपमा सिँचाई गर्न मोटर चलाउन सक्ने भएका छन् । लहान नगरपालिका प्रमुख महेशप्रसाद चौधरीले विद्युत प्राधिकरणका लेखा अधिकृत जितेन्द्र झालाई चेक हस्तान्तरण गरेका छन् ।

लहान नगरको समृद्धि विकासका लागि कृषि क्षेत्रलाई अघि बढाउन, ग्रामीण र सहरी क्षेत्रको सन्तुलित विकासका लागि चुनावमा गरेको प्रतिबद्धता अनुसार ०७९/०८० को बाँकी रहेको विद्युत महसुलको रकम बुझाएको नगरप्रमुख चौधरीले बताए ।

लहान नगरपालिकाको धान, गहुँ, उखु र तरकारी खेतीको लागि छुट्याएको पकेट क्षेत्रका कृषकहरूलाई आवश्यक तालिम, गुणस्तरीय बीउ र बजारीकरणका लागि कृषि शाखाले काम गरिरहेको कृषि संयोजक वडा नम्बर-१२ का वडाध्यक्ष बद्री नारायण चौधरीले जानकारी दिए ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८